मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक ३०१ | २०८० साल भदौ २४ गते आइतबार | Sunday 10, September 2023 | सूर्योदय: बिहान ५:४८ बजे | सूर्यास्त: साँझ ६:१६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मूर्ति बिसर्जन विवादमा झडपपछि कर्फ्यू



**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्ला प्रशासन कार्यालय सर्लाहीले सदरमुकाम मलंगवामा कर्फ्यू आदेश जारी गरेको छ । कृष्ण जन्माष्टमीको मूर्ति बिसर्जन गर्ने क्रममा शुक्रबार बेलुका दुई पक्षबीच झडप भएपछि उत्पन्न विवादका कारण शान्ति सुरक्षालाई ख्याल गरेर कर्फ्यू आदेश जारी भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेश यादवले जानकारी दिए । शनिबार बेलुका पाँच बजेदेखि सुरु भएको कर्फ्यू आइतबार बिहान आठ बजेसम्म कायम रहनेछ । कृष्ण जन्माष्टमीको मूर्ति बिसर्जन गरेर फर्किने क्रममा शुक्रबार बेलुका मलंगवामा दुई समुदायबीच झडप र ढुंगामुडा भएको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरीले १६ सेल अश्रुग्यास र एक राउन्ड हवाइ फायर समेत गरेको यादवले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयले शनिबार सर्वदलीय, सर्वपक्षीय भेला बोलाएर जातीय र धार्मिक सद्भाव कायम राख्न अपिल गरेको थियो । तर पनि प्रदर्शन र ढुंगामुडा नरोकिएपछि कर्फ्यू लगाउनु परेको हो ।
शनिबार बिहानैदेखि सदरमुकाम मलङ्गवामा टायर बालेर प्रदर्शन र ढुङ्गामुढा हुनथालेपछि स्थानीय प्रशासनले निषेधाज्ञाको जारी गरेको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार पूर्वमा झिम नदी, पश्चिममा मुसैली नहर, दक्षिणमा नेपाल–भारत सीमा क्षेत्र र उत्तरमा अस्थायी प्रहरी चौकी/बाबा पेट्रोलपम्पसम्म कर्फ्यु आदेश जारी गरिएको छ । घटनास्थलमा उल्लेख्य संख्यामा सुरक्षाकर्मीको तैनाथ गरिएको छ । राति अबेरसम्म अवस्था सामान्य रहेको कुनै पनि बेला झडप हुन सक्ने अनुमानका कारण कर्फ्यू लगाएर सुरक्षा व्यवस्था मजबुत बनाइएको प्रमुख जिल्ला अधिकारी यादवले बताए । मलंगवा बजार बन्द छ । मलंगवाबाट चल्ने साना तथा लामो दूरीका गाडी पनि चलेका छैनन् ।

## सद्भाव भड्काउने प्रयास भइरहेको छः गृहमन्त्री

**मधेशदृष्टि**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको विविधताबीच एकता, सद्भाव र सहिष्णुताको मौलिक विशेषतामा आक्रमण भइरहेको बताएका छन् । शनिबार ज्यापु महागुठीको चौथो राष्ट्रिय महाधिवेशनमा उनले विविधताबीच एकता, सद्भाव र सहिष्णुताको हाम्रो मौलिक परम्परार र संस्कृतिमाथि आक्रमण गर्ने कुनै खेल नेपालमा फस्टाउन, बढ्न दिन नहुने बताए । पहिचान, अधिकार र विकासका निम्ति सचेत हुनुपर्ने बताउँदै उनले प्राप्त भएको उपलब्धी रक्षा गर्दै थप अधिकारका निम्ति अघि बढ्नुपर्ने बताए । 'यो बहुजातीय बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हो । यसको विशेषता भनेको विविधताबीच एकता हो । यसको आफ्नै मौलिक पहिचान छ । धार्मिक र सांस्कृतिक जातीय सद्भाव र सहिष्णुता यसको मौलिक विशेषता हो,' गृहमन्त्री श्रेष्ठले भने, 'यो समाज सही सहिष्णुतासहित अघि बढिरहेको छ । यसको मौलिक विशेषता हो । हामीले एकातिर जातीय, मौलिक भाषिक, धार्मिक, लैङ्गिक उत्पीडन अन्त्य गरेर पहिचान, अधिकार र विकासको पक्षमा संघर्ष ग¥यौँ । त्यसको सन्दर्भमा धेरै उपलब्धी पनि हासिल गरेका छौँ । अझै हामीले त्यसलाई बेलामा सुनिश्चित गर्नु त छँदैछ । तर नेपालको यो विविधता बीचको एकता सद्भाव र सहिष्णुताको मौलिक विशेषतामा कहीँ कतैबाट धावा बोल्ने षड्यन्त्र त भइरहेको छैन ? सबै सचेत हुनुपर्ने आवश्यकता छ ।'

## साढे ३ लाख ठग्ने लेखनदास पक्राउ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जग्गा पास गराइदिन्छु भन्दै जग्गाधनीसँग ३ लाख ५० हजार रुपैयाँ ठगी गरेर फरार व्यक्ति पक्राउ परेका छन् ।
जनकपुरधाम–४ स्थित मालपोत तथा भूमिसुधार कार्यालयमा महोत्तरी बलवा–४ का ४५ वर्षीय लेखनदास राजकुमार साहले ठगी गरेको पाइएपछि प्रहरीले उनलाई पक्राउ गरेको हो ।
उनले महोत्तरी, औरही–४ का ३० वर्षीय रामललित ठाकुरलाई जग्गा रजिष्टरी पास गराइदिन्छु भनेर ३ लाख ५० हजार रुपैयाँ लिएर जग्गा रजिष्टर नगराएको उजुरी परेको थियो । प्रहरीले साहलाई पक्राउ गरी अनुसन्धान जारी राखेको छ ।

## भूकम्पमा परी ८२० को मृत्यु

अहिले पनि अधिकांश घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन् ।



**एजेन्सी**
**मोरक्को ।**
शक्तिशाली भूकम्पमा परी राति अबेरसम्मको अपडेटमा आठ सय २० जनाको मृत्यु भएको छ । छ सय ७२ जना घाइते भएका छन् । गृह मन्त्रालयका अनुसार घाइतेमध्ये दुई सय पाँच जनाको अवस्था गम्भीर छ ।
भूकम्पमा ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल–हौज र ताराउदान्ट प्रान्तका रहेका बताउँदै मन्त्रालयले मराकेस, अगादिर, कासाब्लाङ्का, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि अधिक प्रभावित भएको जनाएको छ । शुक्रबार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पबाट भयभित मोरक्को भूकम्पको पीडामा छ । ***थप समाचार पृष्ठ ६ मा ।***

## एकता भाड्नेदेखि सचेत रहनुपर्छः ओली



**मधेशदृष्टि**
**भक्तपुर ।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सबै जातजाति एकै ठाउँमा बसेर सामूहिक रुपमा चाडपर्व मनाएको देख्न नसक्ने तत्वदेखि राष्ट्रिय एकता खतरामा परेको बताएका छन् ।
अखिल नेपाल महिला सङ्घ मध्यपुरथिमि नगर कमिटीले गरेको शुभकामना आदानप्रदान तथा हरितालिका तीज विशेष कार्यक्रममा उनले जातजाति, भाषाभाषी, धर्म, संस्कृति, पर्व, चाडपर्वका नाममा सदियौँदेखि कायम रहँदै आएको एकतालाई भाड्ने तत्व सक्रिय रहेको बताए । 'यस्ता चाडपर्व मन नपराउने, एकता मन नपराउने, धर्म, संस्कृति, परम्परा मन नपराउने, खोला वारीका खोला पारीका, एक समाज र अर्को समाजबीचको एकता, सद्भाव देखेर मन भतभती पोल्ने सल बलाएका छन्,' उनले भने, 'यसरी सबै जातजातिका मानिस मिलेर एकै ठाउँमा बसेर किन रमाएका होलान् भनेर पीर गर्नेहरु र साम्प्रदायिक सद्भाव भड्काउन खोज्नेसँग सचेत हुनुपर्छ ।'
सबै जातजाति एकै ठाउँ बसेको मन नपराउने, झगडा गराएर मारामार गर्न गराउन खोज्ने एकता विरोधीसँग सचेत हुँदै यस्ता साझा चाडपर्व उत्सवका रुपमा मनाउनुपर्ने उनले बताए ।

## कृष्णाष्टमी मेलाका आयोजकमाथि कुटपिट





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मंगराहामा कृष्णाष्टमीको मेला आयोजक समितिमाथि निर्घात कुटपिट भएको छ । कमला नगरपालिका वडा नम्बर १ मँगराहामा आयोजना गरिएको कृष्णाष्टमी मेलाका आयोजक समिति मेलाकै लागि डिजेल ल्याउन गएका बेला बाटोमा कुरेर बसेकाबाट कुटिएका हुन् । शुक्रबार राति १० बजे मेला आयोजनाका लागि डिजेल लिएर फर्कँदै गर्दा केही युवाले बीच बाटोमा रोकेर ज्यानै मार्ने प्रयास गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
कमला नगरपालिकाको मँगराहा र नरहाटोलको बीचमा मेला आयोजक समितिबाट रहेका सिरहाका रबिन्द्र राम, सिरहा थलहाकै दिपेन्द्र यादव र कमला नगरपालिका वडा नम्बर ३ लगमाका लभ कुमार महरालाई ज्यान मार्ने गरी कुटपिट गरिएको हो ।
कृष्णाष्टमी मेला आयोजना गरिएकामा आर्केष्ट्रा नचाउने कुरा भए पनि आर्केष्ट्रा ननचाएको भन्दै लगमाका केही युवासँग नाच कार्यक्रमका बेला भनाभन भएको थियो । राति नाच गराउन विद्युत् कट्ने भन्दै जेनेरेटरका लागि डिजेल लिन जाँदा उनीहरुलाई केहीले पिछा गरेको पीडितको बयान छ ।
सुरुमा लगमा बजारको पेट्रोल पम्पमा डिजेल ल्याउन जाँदा त्यहाँ नभेटेपछि कमला नगरपालिका वडा नम्बर ६ मडानको पेट्रोल पम्पबाट डिजेल लिएर मँगराहा जाँदै गर्दा मँगराहा र नरहाकाबीच रोकेर ज्यान मार्ने प्रयास गरिएको हो । उनीहरुको मोटरसाइकल, मोबाइलसहित कपडासमेत लुटिएको छ । उनीहरु मात्र अन्डरबियरमा घर फर्केर घटनाबारे बताएका थिए । पीडितमध्ये लगमाका लभ कुमार महराले सोही ठाउँका विजय यादवसहित ५–६ जना मिलेर ज्यान मार्ने प्रयास भएको बताए । उनीहरुसँग साँझ भनाभन भएको थियो । तीनै जनालाई फाइटर र फलामे हतियारले प्रहार गरेको देखिएको छ । टाउकोमा गम्भीर चोट लागेकामध्ये एक जनाको अवस्था गम्भीर छ ।
उनीहरुको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको छ । आक्रमणमा परेका तीनै जनाका मामा राम पुकार महराको घरमा मेला महोत्सव लागेको र पल्सर मोटरसाइकलसहित दुई थान मोबाइल, २५ हजार रुपैयाँ नगदलगायतका सम्पूर्ण कपडा लुटिएको बताइएको छ । यता, प्रहरीले घटनामा संलग्न रहेको आरोपमा तीनजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा लगमाका २० वर्षीय विजय यादव, १९ वर्षीय रुपेश यादव र २० वर्षीय आकाश महतो छन् । घटनामा संलग्न अन्य चारजना फरार रहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय खजुरीले पीडितको बयानका आधारमा अरु दुई जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।




## बिदाका दिन चलेपछि सिडिओकै गाडी पनि नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
बिदाका दिन अनुमति नलिई चलिरहेका सरकारी सवारी साधन नियन्त्रणमा लिइएको छ । शनिबार बिदाका दिन इजाजत नलिएर चलाइएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारीसमेतको गाडीलाई राष्ट्रिय युवा सङ्घ नेपाल पर्साले नियन्त्रणमा लिएको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साको सहयोगमा शनिबार बिदाका दिन चेकजाँचमा कडाइ गरी सरकारी सवारी साधन नियन्त्रणमा लिइएको सङ्घका पर्सा अध्यक्ष मोहम्मद निजामले जानकारी दिए । उनका अनुसार, प्रमुख जिल्ला अधिकारीको गाडीसहित ३ वटा गाडी र ४० वटा मोटरसाइकल नियन्त्रणमा लिएर जिल्ला ट्राफिक प्रहरीको जिम्मा लगाइएको छ ।
वीरगंजको घण्टाघरबाट नियन्त्रणमा लिइएका सवारी साधन बेलुका ५ बजेपछि छाडिएको छ । प्रमुख जिल्ला अधिकारीको गाडी भने पास लिएर आउने शर्तमा फिर्ता पठाइएको उनको भनाई छ । बिदाका दिन पनि सरकारी सवारी साधन दुरुपयोग हुने गरेको पाइएपछि युवाले खबरदारीस्वरूप सवारी साधन नियन्त्रणमा लिने अभियानको थालनी गरिएको अध्यक्ष निजामले बताए । सङ्घका केन्द्रीय सदस्यहरू रबि गुप्ता, बाबुराम खनाल, कौशल किशोर साह, प्रदेश सदस्य रोशन साह, महानगर अध्यक्ष अमिर खान, जिल्ला कमिटी सचिव अर्जुन नेपाल, सदस्यहरू साहिर अन्सारी, प्रमोद पटेल लगायतको उपस्थिति थियो ।

# शल्यक्रिया बन्द हुँदा सेवाग्राही हैरान

**गोपालप्रसाद बराल**
**महोत्तरी ।**




बर्दिबास अस्पतालमा प्रसूतिका लागि गराइने शल्यक्रिया बन्द हुँदा गरिब र निम्न आय हुने परिवारका लागि समस्या भएको छ ।

तीन सातादेखि सेवा बन्द हुँदा गरिब र निम्न आय हुने सर्वसाधारणलाई प्रसूतिका लागि निजी अस्पताल वा टाढाको सरकारी अस्पताल जानुपर्दा हैरानी भएको हो ।

सेवा बन्द भएपछि शल्यक्रिया गरिनुपर्ने महिलालाई चर्को शुल्क पर्ने निजी अस्पताल र टाढाको सरकारी अस्पताल जानुपर्ने बाध्यताले श्रमजीबी परिवारका लागि खर्चको जोहो गर्न कठिन भएको पीडित कल्पना विक बताउँछिन् ।

अस्पतालले साउनमा शल्यक्रियाबाट बच्चा निकालेपछि आमामा एकपछि अर्कोमा गर्दै सङ्क्रमण बढ्दै गएकाले भदौ १ गतेदेखि शल्यक्रिया बन्द गरेको हो ।

साउनमा शल्यक्रियाबाट सुत्केरी गराइएकामध्ये १० जनामा सङ्क्रमण देखिएकाले तत्काल सेवा (शल्यक्रिया) बन्द गरिएको अस्पताल प्रशासनले स्वीकार गरेको छ तर शल्यक्रिया गरिनपर्ने बाहेक अन्य सेवा भने यथावत रहेका अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. कृष्णा महर्जन बताउँछिन् ।

'शल्यक्रिया गरिएका सुत्केरी आमामा सङ्क्रमण देखिन थाल्यो, त्यसैले त्यसको निदानपछि फेरि सेवा सुरु गर्नेगरी तत्काललाई शल्यक्रिया रोकिएको हो,' उनले भनिन् । अस्पतालले साउनमा मात्रै दुई सयभन्दा बढी महिलालाई प्रसूति सेवा दिएकामा ८० जनाको शल्यक्रिया गरिएको थियो । शल्यक्रिया गरिएमध्येकै आठ/दश जनामा सङ्क्रमण देखिएपछि भदौ १ गते नै यो सेवा रोकिएको डा. महर्जनले बताइन् ।

शल्यक्रिया गरिएकामा सङ्क्रमण देखिन थालेपछि शल्यक्रिया कक्षको पानी र सुत्केरी सुताइने शैयाको स्वाब परीक्षण गरिँदा जीवाणु भेटिएपछि यो सेवा बन्द गर्नु परेको अस्पताल प्रशासनले स्पष्ट पारेको छ ।

शल्यक्रियाकक्ष साँघुरो कोठामा सञ्चालन गरिएको र सरसफाइमा राम्रो ध्यान नदिँदा सुत्केरीमा सङ्क्रमण बढेको अस्पताल नजिकका सर्वसाधारण बताउँछन् ।

'अस्पतालले एकपछि अर्को सेवा थप्दै लगेपछि अब सरकारी अस्पतालमै राम्रो उपचार पाइने आश जागेको थियो,' अस्पताल नजिककैकी एक गृहिणी भन्छिन्, 'तर अस्पतालको भर देखिएन ।' साँघुरो ठाउँमा आवश्यक सावधानी र सुरक्षाका उपाय अवलम्बनमा लापरबाही गरिँदा नै सङ्क्रमण बढेको अस्पतालको सेवालाई नजिकबाट नियालिरहेका एक स्वास्थ्यकर्मीको भनाइ छ ।

अब यो सङ्क्रमण बढ्नाको कारण र यसमा भएको लापर्वाहीको खोजीनीति गरेर आवश्यक कारबाही नगर स्वास्थ्य शाखाले गर्नपर्ने सर्वसाधारणको टिप्पणी छ । यसैबीच अस्पताल प्रशासनले शल्यक्रियाकक्ष फराकिलो बनाएर सरसफाइ र आवश्यक मर्मतसम्भार गरिएको जनाएको छ । अब यो नयाँ कक्षको स्वाब परीक्षण गरेर सोको नतिजा 'नेगेटिभ' आए तत्काल सेवा सुरु गरिने अस्पतालका मेडिकल अधिकृत डा. चन्द्रमणि खत्रीको भनाइ छ ।

'परीक्षणको नतिजा 'नेगेटिभ' आए त तत्काल शल्यक्रिया थालिन सक्छ, तर 'पोजेटिभ' आए अझै थप तयारी गरेरमात्र सेवा सुरु गर्न पर्छ,' उनी भन्छन् ।

निजी अस्पताल सञ्चालकसँगको मिलोमतोमा जानाजान यस अस्पतालमा प्रसूतिका लागि शल्यक्रिया गरिँदा लापर्वाही गरिएको हुनसक्नेसम्मको लख काट्ने सर्वसाधारण पनि भेटिएका छन् । 'बर्दिबास अस्पतालको सुत्केरी सेवाले यहाँ (बर्दिबास)का निजी अस्पतालको मुख्य आम्दानी नै मरेको थियो, त्यसैले अहिले बर्दिबास अस्पतालको साख गिराउन खेल भएको पनि हुनसक्छ,' नाम नबताउने अस्पताल नजिकका एक सर्वसाधारण बताउँछन् ।

बर्दिबास नगरपालिकाको स्वास्थ्य शाखाले शल्यक्रिया गरिएका महिलामा भएको सङ्क्रमणबारे अनुसन्धन हुनुपर्ने सम्बद्ध अन्य व्यक्तिको पनि टिप्पणी छ ।

सुत्केरी सेवाका लागि मधेश प्रदेशमै बर्दिबास अस्पताल कहलिएको थियो ।

अस्पतालको सेवाबारे सकारात्मक सन्देश प्रवाह हुँदा यहाँ जिल्लाकै तल्लो भेगसम्मका र सर्लाही, धनुषा र सिन्धुलीसम्मका गर्भवती महिला जाँच र सुत्केरी सेवा लिन आउने गरेका थिए ।

अस्पतालको सेवाबारे बर्दिबास नगर नेतृत्वले सुविधा र नियमित अनुगमन बढाउन पर्ने स्थानीय सेवाग्राही बताउँछन् । आवश्यक पूर्वतयारी गरेर चाँडै यो सेवा सञ्चालनमा ल्याउन सर्वसाधारणले नगर नेतृत्वसँग माग गरेका छन् ।

# कान नसुन्नेका लागि 'कोक्लियर इम्प्लान्ट'

'हाम्रो कानमा बाहिर, मध्य र भित्री भाग गरेर तीन भाग हुन्छन् । कानको भित्री भाग ककलिया हुन्छ । ककलियाले बाहिरबाट आएको ध्वनि मोकानिकल इनर्जीलाई इलेक्ट्रिक इनर्जीमा परिवर्तन गरेर ब्रेन (दिमाग)मा पुर्याउने गर्दछ । अनि हामीले केही कुरा सुन्छौं । हामीले सुन्ने कानले नभई दिमागले हो । ककलिया भित्र खराबी, नशामा खराबी आयो भने साउण्ड इनर्जी दिमागसम्म जान बन्द हुन्छ र मानिसले कान सुन्न छाड्छ,'

**शरद् शर्मा**
**काठमाडौँ ।**



वीर अस्पतालले कान नसुन्ने बिरामीका लागि 'कोक्लियर इम्प्लान्ट'मार्फत सुन्न सक्ने बनाउने सेवा सुरु गरेको छ । अस्पतालले पटक्कै कान नसुन्ने वा केही समस्याका कारण सुन्न छोडेका बिरामीका लागि कोक्लियर इम्प्लान्ट (यो सानो इलेक्ट्रोनिक उपकरण हो जसले गम्भीर श्रवण हानि भएका मानिसको श्रवण सुधार गर्न मद्दत गर्छ) मार्फत सुन्न सक्ने बनाउने सेवा सुरु गरेको हो ।

'कतिपय बहिरोपन (श्रवण शक्ति न्यून) रहेका बिरामीले कानमा डिभाइस (यन्त्र) लगाएर सुन्न सक्नुहुन्छ । कानको सुन्ने क्षमता अत्यन्त कम भएका, शल्यक्रिया गरेर पनि सुन्न नसक्ने बिरामीलाई कोक्लियर इम्प्लान्टलाई शल्यक्रियामार्फत प्रत्यारोषण गरेर सुन्न सकिने बनाउने सेवा हो,' अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा. डा. दीपेन्द्र श्रेष्ठले भने ।

कुनै कान नसुन्ने वा बहिरोपनलाई शल्यक्रिया वा कुनै मेसिन लगाएर सुन्न सकिने बनाउन सकिने जनाउँदै उनले कान सुन्दै नसुन्ने बिरामीलाई शल्यक्रिया वा यन्त्र प्रयोग गर्दा पनि प्रभावकारी नभएमा कोक्लियर प्रत्यारोषण गरेर सुन्न सक्ने बनाइने बताए । वीरमा हालसम्म दुई जनाको कोक्लियर इम्प्लान्टमार्फत उपचार गरी कान सुन्न सक्ने बनाइएको डा. श्रेष्ठले जानकारी दिए । उनका अनुसार दुवै जनाको प्रत्यारोपणका लागि कोक्लियर निर्माण कम्पनीले १० लाख रुपैयाँ बराबरको यन्त्र सहयोग गरेको हो ।

'एक जना १८ वर्षीया युवतीमा १४ वर्षदेखि राम्रोसँग कान नसुन्ने समस्या थियो । उनको मिर्गौला फेल भएपछि दुवै कान सुन्न छाडिन्,' डा. श्रेष्ठले भने, 'अर्का ६० वर्षीय वृद्धाले कोरोना सङ्क्रमण भएपछि दुवै कान सुन्न छाडेका थिए । उनहरुलाई कोक्लियर इम्प्लान्टलाई शल्यक्रियामार्फत प्रत्यारोषण गरेर सुन्न सक्ने बनाएका छौं ।'

अहिले परीक्षणको रुपमा दुई जनाको सफल उपचार गरिएको बताउँदै उनले केही प्राविधिक समस्या रहेकाले समस्या समाधान गरेपछि कोक्लियर प्रत्यारोपणलाई निरन्तरता दिने जानकारी दिए । यसअघि त्रिवि शिक्षण अस्पतालमा पनि कोक्लियर इम्प्लान्टलाई शल्यक्रियामार्फत प्रत्यारोषण गरेर कान सुन्ने बनाउने गरिएको थियो । शिक्षण अस्पतालमा यो सेवाका लागि सरकारले बिरामीलाई छ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने गरेको छ । बाँकी बिरामीले व्यहोर्नुपर्ने हुन्छ । डा. श्रेष्ठले वीर अस्पतालमा पनि चाँडै सरकारसँगको समन्वयमा कोक्लियर प्रत्यारोपण सुरु गरिने बताए । उनका अनुसार 'भेरिया टेक्निक' अपनाएर गरिने प्रत्यारोषणमा एक घण्टामा बिरामीको शल्यक्रिया गरेर कोक्लियर इन्प्लान्ट राखिन्छ ।

**के हो कोक्लियर प्रत्यारोपण ?**

'हाम्रो कानमा बाहिर, मध्य र भित्री भाग गरेर तीन भाग हुन्छन् । कानको भित्री भाग ककलिया हुन्छ । ककलियाले बाहिरबाट आएको ध्वनि मोकानिकल इनर्जीलाई इलेक्ट्रिक इनर्जीमा परिवर्तन गरेर ब्रेन (दिमाग)मा पु¥याउने गर्दछ । अनि हामीले केही कुरा सुन्छौँ । हामीले सुन्ने कानले नभई दिमागले हो । ककलिया भित्र खराबी, नशामा खराबी आयो भने साउण्ड इनर्जी दिमागसम्म जान बन्द हुन्छ र मानिसले कान सुन्न छाड्छ,' अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा. डा. श्रेष्ठले भने । कान नसुन्ने अलिअलि समस्या भएका बिरामीलाई यन्त्र (मेसिन) इयरफोन लगाएर सुन्न सक्ने बनाइने उनले बताए । कान धेरै नै नसुन्ने वा यन्त्रले काम नगर्ने समस्या भएका बिरामीका लागि कोक्लियर प्रत्यारोषण प्रभावकारी हुने उनको भनाइ थियो ।

जन्मिनेबित्तिकै कतिपय मानिस नसुन्ने समस्या लिएर जन्मिने जनाउँदै डा. श्रेष्ठले बच्चा छ वर्षको हुँदासम्म कान सुनिसक्नुपर्ने जानकारी दिए । यदि छ वर्षसम्म पनि बच्चाले सुन्न र बोल्न सकेन भने सधैँभरि नसुन्ने र नबोल्ने समस्या हुने उनले बताए ।

'छ वर्षको उमेरपछि जुनसुकै प्रविधि प्रयोग गरेर उपचार गरे पनि त्यो मानिसले आवाज बुझ्दैनन् र आवाज नबुझेपछि बोल्न सक्दैनन्,' नाक, कान र घाँटी रोग विशेषज्ञ डा. श्रेष्ठले भने, 'जसले सानैदेखि वा छ वर्षको उमेरसम्म पनि सुन्न सक्दैन त्यस्ता बच्चालाई छ वर्ष अगाडि नै कोक्लियर इम्प्लान्टको प्रत्यारोषण गर्नुपर्दछ । यसले सामान्य बच्चाजस्तै सुन्ने सक्ने बनाउँछ ।'

कोक्लियर इम्प्लान्ट इलेक्ट्रोनिक उपकरण भएको डा. श्रेष्ठले बताए । 'यो उपकरण प्रत्यारोपण गर्दा कानको पछाडिको बाहिरी भागमा शल्यक्रिया गरी छालामुन्तिरको हड्डीमा यन्त्र राख्दछौँ र त्यो यन्त्रले मोकानिकल इनर्जीलाई इलेक्टिकल इनर्जीमा रुपान्तरण गर्दछ,' उनले भने ।

**के कारणले कान सुनिदैन**

'मेनेजाइटिक्स', कोभिड–१९, मिर्गौला र अन्य विभिन्न कारणले कान नसुन्ने समस्या आउने गरेको अस्पतालका नाक, कान र घाँटी रोग विशेषज्ञ डा. श्रेष्ठले बताए । उनले कोक्लियर इम्प्लान्ट प्रविधि महँगो भएको जनाउँदै यसको प्रत्यारोषणका लागि १० लाख रुपैयाँ भन्दा बढी खर्च लाग्ने जानकारी दिए ।

डा. श्रेष्ठका अनुसार नेपालमा १७ प्रतिशतमा बहिरोपनको समस्या छ भने पटक्कै कान सुन्न नसक्नेको तथ्याङ्क सरकारसँग छैन । 'अस्पतालमा पटक्कै कान नसुन्ने बिरामी धेरै नै आउने गरेका छन्,' उनले भने, 'हामीले उपचार सेवा अहिलेसम्म दिन सकिरहेका थिएनौँ । अब यस प्रविधिबाट सेवा लिन चाहनेलाई सहज हुनेछ ।'

वीर अस्पतालभन्दा अगाडि त्रिवि शिक्षण अस्पताल यसको प्रत्यारोपण सुरु गरेको भन्दै त्रिविमा बिरामीको चाप निकै बढेको डा श्रेष्ठले बताए । 'पैसा भएर पनि मानिसले उपचार पाएका छैनन् । पैसा हुने मानिस भारतलगायत विदेशमा गएर कोक्लियर प्रत्यारोपण गरिरहेका छन्,' उनले भने ।

अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले बहिरङ्ग विभागमा धेरै बिरामी कान तथा श्रवणसम्बन्धी समस्या लिएर आउने गरेका बताए । उनका अनुसार शिक्षण अस्पतालमा सरकारले कोक्लियर इम्प्लान्ट राख्नका लागि बिरामीलाई रू छ लाख बराबर आर्थिक सहयोग गर्दै आइरहेको छ । अस्पतालका निर्देशक डा. पौडेलले वीर अस्पतालले बिरामीको अवस्था हेरेर सुविधा थप गर्ने बताए । उनले सेवा÷सुविधा थप्ने गर्ने क्रममा कान नसुन्ने बिरामीलाई कोक्लियर इम्प्लान्ट सेवा सुरु गरेको बताउँदै अस्पतालमा उपचार गर्न आउने बिरामीलाई सहुलियतरूपमा उपचारको व्यवस्था गर्न सरकारलाई आग्रह गर्ने बताए ।

# सखुवाप्रसौनीमा जसपाको कमिटी

**मधेशदृष्टि**
**वीरगंज ।**

जनता समाजवादी पार्टीले पर्साको सखुवाप्रसौनी गाउँपालिकामा प्रदीप जयसवालको अध्यक्षतमा ३१ सदस्यीय गाउँ कमिटी गठन गरेको छ ।

केन्द्रीय सदस्य फिरोज मन्सुर, जिल्ला अध्यक्ष रामनरेश प्रसाद यादव, जिल्ला सचिव तबरेज अहमद, कोषाध्यक्ष शर्मिला विष्ट महतो, इकाई सदस्य, अशोक साह, नाजिर मिया, सदाम हुसेन, रुपलाल यादव, मुन्ना कंकर लगायतको उपस्थितिमा बैठक भएको हो । कार्यक्रममा नेपाली कांग्रेसका जग दास, रामराज चौधरी, करिमन महतो, विजय महतो, कैलाश महतो, नेकपा एमालेका संजित गिरी, तनु पासवान, भोला राम पार्टी परित्याग गरी जसपा प्रवेश गरेका थिए ।

# ठोरीमा तीजको शुभकामना आदानप्रदान

**मधेशदृष्टि**
**वीरगंज ।**

ठोरी गाउँपालिकाको आयोजनामा हरितालिका(तीज) को अवसरमा शुभकामना आदानप्रदान तथा दरखाने कार्यक्रम भएको छ ।

गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा ठोरीका महिला जनप्रतिनिधि, गाउँपालिकाका महिला कर्मचारी, वडाका महिला कर्मचारी, स्वास्थ्य संस्थाका महिला कर्मचारी, स्वास्थ्य स्वयमसेविका, ठोरीभित्रका विभिन्न राजनीति दलका प्रतिनिधि महिला एवम् विभिन्न संघसंस्थाका प्रतिनिधि महिला सहभागी थिए ।

गाउँपालिकाकी उपाध्यक्ष गोकुली कुमारी रेग्मीको अध्यक्षता एवम् गाउपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठको उपस्थितिमा सम्पन्न कार्यक्रममा महिला प्रतिनिधिहरुले शुभकामना दिएका थिए ।

उनीहरुले आगामी दिनमा ठोरीका महिला एकजुट भएर अघि बढ्नुपर्ने र यस कार्यमा गाउँपालिकाको सधैँ साथ रहने बताएका थिए ।

# बडिनिहारमा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**

गतिशील व्यापार समिति पर्सागढी नगरपालिका वडा नम्बर ३ बडनिहारको आयोजनामा रक्तदान कार्यक्रम भएको छ ।

पर्सागढी नगरपालिका वडा नम्बर ३ को वडा कार्यालय परिसरमा आयोजित रक्तदानमा १० महिलासहित १ सय २ जनाले रक्तदान गरे । रक्तदान कार्यक्रम उद्घाटन गर्दै नगरप्रमुख गोकर्ण पाठकले रक्तदान जीवन दान भएको बताउदै पर्सागढी नगरपालिकाले नगरबासीलाई उपचार गर्दा आवश्यक रगत निःशुल्क व्यवस्था मिलाइएको बताए ।

कार्यक्रममा नगर उपप्रमुख पुजा चौधरी, वडाअध्यक्ष सुकमान तामाङ्ग, कार्यपालिका सदस्य सीता लामा, पर्सागढीका स्वास्थ्य शाखा प्रमुख नारायण पौडेल, गतिशील व्यापार समितिका अध्यक्ष टिकाराम पौडेललगायतको उपस्थिति थियो । कार्यक्रममा रक्तसञ्चार केन्द्र वीरगंजले प्राविधिक सहयोग उपलब्ध गराएको थियो ।

# ५५ किशोरीको उद्धार

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज नाकाबाट भारत तथा तेस्रो मुलुक लैजान लागिएका ५५ किशोरीको उद्धार गरिएको छ ।

खुला सीमानाका कारण विभिन्न गिरोहले वीरगंज–रक्सौल नाका प्रयोग गर्ने गरेको र विकट पहाडी क्षेत्र र ग्रामीण भेगका महिला तथा बालबालिका बेचविखनको बढी जोखिममा पर्ने गरेका छन् ।

खुला सीमा भएका कारण वीरगंज नाका प्रयोग गरेर दलाल मानव तस्करी गरी सहजै किशोरी तथा युवतीलाई भारत पु¥याउने गरेको मानव बेचबिखन तथा तस्करीविरुद्ध कार्य गर्दै आएको सामाजिक संस्था साना हात नेपाल वीरगंजका अध्यक्ष बाबुराम क्षेत्रीले जानकारी दिए ।

विशेष गरी सामाजिक सञ्जालबाट झुटो प्रेम सम्बन्ध कायम गरी विवाह गर्ने आश्वासन देखाइ भारत तथा तेस्रो मुलुकमा पुर्याएर गिरोहले किशोरीको बेचविखन गर्दै आएको अनुसन्धानमा खुलेको क्षेत्रीले बताए ।

किशोरीलाई घुम्न लैजाने, जागिर लगाइदिने जस्ता प्रलोभन देखाएर मानव बेचबिखनका दलालले कब्जामा पार्ने गरेकोसमेत खुलेको छ । आर्थिक वर्ष २०७९÷८० मा वीरगंज नाकाबाट मात्रै ५५ किशोरी तथा बालिकाको उद्धार गरिएको छ ।

यसरी उद्धार गरिएकाहरुमध्ये ९ बालिका, १९ किशोरी र २७ युवती रहेको अध्यक्ष क्षेत्रीले बताए ।

# पुजारीमाथि आक्रमण

**मधेशदृष्टि**
**रौतहट ।**

पूर्वीभेगको दुर्गा भगवती गाउँपालिकामा पुजारीमाथि अज्ञात समूहले धारिलो हतियारले आक्रमण गरेको छ । बिहीबार राति ११ बजे दुर्गा भगवती गाउँपालिका–३ देवीपर्साटोलस्थित श्रीरामजानकी मन्दिरका पुजारी मिश्रीलाल साहमाथि धारिलो हतियारले आक्रमण भएको हो ।

मन्दिरछेउमै दूध उमालिरहेको अवस्थामा अज्ञात समूहले धारिलो हतियार प्रयोग गरेका हुन् । उनको पिपरा बजारस्थित एउटा निजी अस्पालमामा उपचार भइरहेको स्थानीय समाजसेवी उमेश साहले बताए । जिल्ला प्रहरी प्रमुख एसपी महेन्द्रकुमार श्रेष्ठले घटनाको पुष्टि गर्दै संलग्न आशंकामा एकजना पक्राउ परेको बताए ।

# चिनी मिल सञ्चालनको पहल गर्न नेपाललाई आग्रह

**संजय मिश्रा**
**रौतहट ।**

गरुडास्थित श्रीराम सुगर मिल्स सञ्चालनको पहलका लागि पूर्व प्रधानमन्त्री माधवकुमार नेपाललाई आग्रह गरिएको छ ।

उखु उत्पादक किसान संघका अध्यक्ष अशोक कुमार यादवको नेतृत्वमा गएको सर्वदलीय टोलीले काठमाडौँस्थित नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालसँग भेटेर मिल सञ्चालन गराउन पहलको लागि आग्रह गरेको हो ।

नेता नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई फोन गरेर सर्वदलीय टोलीलाई भेट्न समय मिलाएको नेता रेवन्त झाले बताए ।

मिलको स्वामित्व लिएकालाई समेत कुरा गरेर नेता नेपालले टोली भेटाउन पहल गरेका थिए । हजारौँ किसानको धरोहरको रुपमा रहेको श्रीराम सुगर मिल्स सञ्चालन गर्न सरकारबाट अनुदान अथवा पाउने सुविधाका लागि पनि पूर्णरुपमा पहल गर्ने नेता नेपालले प्रतिबद्धता जनाएको नेता झाले जानकारी दिए ।

सर्वदलीय टोलीमा संघका अध्यक्ष यादव, प्रदेश सांसद सुनिल कुमार यादव, नेता झा, बृजकिशोर यादव, दीपक यादव, अनील यादवलगायतको सहभागिता थियो।

# कोइला व्यवसायी अढाइ महिनादेखि सम्पर्कविहीन

**रासस**
**झापा ।**

मेचीनगर वडा नम्बर ६ का ५१ वर्षीय कोइला व्यवसायी दुर्गाप्रसाद दाहाल अढाइ महिनादेखि सम्पर्कविहीन भएका छन् ।

परिवारका सदस्यले खोजीका लागि प्रहरीलाई अनुरोध गरेका छन् ।

भारतबाट कोइला आयात गरेर नेपालमा रहेका इँटा उद्योगमा आपूर्ति गर्ने व्यवसाय सञ्चालन गर्दै आएका दुर्गाप्रसादसँग असार २ गते अन्तिम पटक फोनमा सम्पर्क भएको उनकी पत्नी शोभा दाहालले बताइन् । उनले इलाका प्रहरी कार्यालय काँकडभिट्टामा खोजीका लागि निवेदन दिएको बताइन् ।

प्रहरीले सचित्र हुलिया विभिन्न प्रहरी इकाइमा पठाएर र फोनमा भएको कल विवरण विश्लेषण गरेर खोजीकार्य गरिरहेको इप्रका काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी दिए ।

दाहालका चार वर्षीय एक छोरा र १८ वर्षीया छोरी छन् ।

पत्नी शोभाले नातागोता, साथी र प्रहरीको सहयोगमा खोजीकार्य जारी रहेता पनि पत्ता लाग्न नसकेकामा चिन्ता व्यक्त गरिन् ।

'प्रहरी, नातागोता र साथीभाइ सबै गुहारिसक्यौँ, भेटिनुभएको छैन,' उनले भनिन्, 'कहिल्यै घरझगडा पनि भएको थिएन, आर्थिक व्यवहारको पनि तनाब थिएन । उनको खोजीमा सघाइदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु ।'

# लालबन्दीको फोहरबाट मोहर




**रासस**
**सर्लाही ।**
जिल्लाको लालबन्दी नगरपालिकाका विभिन्न बजारमा सङ्कलन हुने फोहर वार्षिक तीन लाख रुपैयाँभन्दा बढीमा बिक्री हुने भएको छ । लालबन्दी नगरपालिका र गोकर्णेश्वर सरसफाइ प्रालि काठमाडौँबीच भएको सम्झौताअनुसार नगरपालिकाभित्रका बजारबाट निस्कने फोहर वार्षिक तीन लाख ५० हजार रुपैयाँमा खरिद बिक्री गर्ने सहमति भएको लालबन्दी नगरपालिकाका नगरप्रमुख वासुदेव अधिकारीले जानकारी दिए । उनका अनुसार यसअघि फोहर उठाउने ठेकेदार कम्पनी 'ग्रिन एण्ड क्लिन सिटी' सर्भिस प्रालि हेटौँडा, मकवानपुरले नगरपालिकाभित्रका बजारबाट सङ्कलन भएको फोहर उठाएबापत नगरपालिकाबाट वार्षिक एक लाख ५० हजार रुपैयाँ लिँदै आएको थियो । अब गोकर्णेश्वरले सङ्कलन गरेको फोहर नगरपालिकालाई दिने, नगरपालिकाले पुनः गोकर्णेश्वरलाई फोहर फिर्ता गर्ने र त्यससँगै नगरपालिकालाई रकम दिने विषयमा सम्झौता भएको लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीले जानकारी दिए । फोहरमैलामा सङ्कलन भएका कबाडी सामग्री बिक्रीबाट आएको रकम र घरघरबाट उठाउने रकम ठेकेदारकै हुने सम्झौतामा उल्लेख गरिएको नगरपालिकाले जनाएको छ । तर ल्याण्डफिल्डसाइट नभएकाले नगरपालिकाले यसअघि कालिञ्जोर खोला किनारमा लगेर फोहर डम्पिङ गर्दै आएको थियो ।




# चैतसम्म पेट्रोल र मट्टितेल ल्याउने तयारी

**रासस**
**अमलेखगञ्ज ।**
मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोस्रो चरणको काम तीव्र गतिमा अगाडि बढेको छ । आगामी चैतसम्म पाइपलाइनबाट पेट्रोल र मट्टितेल ल्याउने उद्देश्यका साथ निर्माणको कामलाई तीव्रता दिइएको नेपाल आयल निगमले जनाएको छ । दोस्रो चरणको कामअन्तर्गत अहिले पेट्रोल भण्डारण ट्याङ्क, ट्रान्समिक्स ट्याङ्क, पम्प हाउस, पेट्रोलको लोडिङका लागि २४ वटा पूर्ण स्वचालित लोडिङ वे (रिफिलर) लगायत भौतिक संरचनाको निर्माण भइरहेको छ । अहिले 'म्यानुअल'रुपमा पेट्रोलियम पदार्थको लोडिङ हुँदै आएको छ । दोस्रो चरणको परियोजनाको निर्माण भारतीय कम्पनी लिखिता इन्टरनेशनलले गरिरहेको छ । परियोजनाको पहिलो चरणको कार्यअन्तर्गत अहिले भारतको मोतिहारीबाट अमलेखगन्जसम्म पाइपलाइनमार्फत डिजेल आयात भइरहेको छ । दोस्रो चरणमा पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्ने लक्ष्य रहेको निगमको अमलेखगञ्ज डिपोका प्रमुख विनितमणि उपाध्यायले बताए । 'यो लक्ष्यअन्तर्गत पेट्रोल र मट्टितेल भण्डारण ट्याङ्क अपुग हुने भएकाले अहिले आइओसीले त्यसको पूर्वाधार निर्माण गरिरहेको छ', उनले भने । डिपोमा पेट्रोल भण्डारणका लागि चार हजार एक सय किलोलिटर क्षमताका दुई वटा भण्डारण ट्याङ्क तथा डिपो सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताका दुई वटा पानी टयाङ्की तथा दुई सय ५० किलोलिटर क्षमताका दुई वटा 'ट्रान्समिक्स ट्याङ्क' निर्माण भइरहेको छ । एउटै पाइपलाइनबाट क्रमशः डिजेल, मट्टितेल र पेट्रोल एकपछि अर्को ल्याउँदा मिसिएको पेट्रोलियम पदार्थको छुट्टै भण्डारण गर्न ट्रान्समिक्स ट्याङ्क निर्माण गरिएको निगमका इञ्जिनियर प्रशान्त भट्टराईले जानकारी दिए । दोस्रो चरणको परियोजनाका लागि निगम र आइओसीले संयुक्तरूपमा लगानी गर्नेगरी सम्झौता भएको थियो । जसअन्तर्गत दुई वटा पेट्रोल ट्याङ्कमध्ये निगम र आइओसीले एक÷एक वटा ट्याङ्कको लागत व्यहोर्ने छन् । मिश्रित इन्धन राख्नका लागि २ वटा ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि 'फायरवाटर' ट्याङ्क भारतीय पक्षबाट निर्माण हुनेछ । आइओसीले करिब ७५ करोड भारतीय रुपैयाँ खर्च गर्नेछ । निगमले भने एउटा पेट्रोल ट्याङ्क, २४ वटा रिफिलर, प्रयोगशाला,



फायरफाइटिङ सिस्टमलगायत पूर्वाधार निर्माण गर्नेछ । निगमको एक अर्ब ५४ करोड भारतीय रुपैयाँ बराबरको खर्च हुने अनुमान छ । सिभिल संरचनाअन्तर्गत विभिन्न उपकरण जडानका लागि भवन तथा पेट्रोलियम पदार्थको शुद्धता परीक्षणका लागि अत्याधुनिक प्रयोगशाला पनि निर्माण भइरहेको छ । परियोजनाको हालसम्मको प्रगति करिब ४० प्रतिशत रहेको प्रमुख उपाध्यायले जानकारी दिए । 'अहिले बर्खाको समय भएका कारण काम सुस्त भएको हो, तर केही समयपश्चात् निर्माणकर्ताले जनशक्ति थप गरेर काम गर्ने जनाएको छ । दोस्रो चरणका काम निर्धारित समयमै सम्पन्न गर्ने योजना छ', उनले भने । परियोजनाको काम तोकिएका समयमै सम्पन्न गर्न रात्रि सयममा पनि काम गर्ने ठेकेदार पक्षले जनाएको छ । निर्माण सुरु भएको करिब ५५ महिनामा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । दोस्रो चरणको परियोजनाको सम्पूर्ण खर्च करिब दुई अर्ब १५ करोड भारतीय रुपैयाँ रहेको छ । दोस्रो चरणको परियोजना निर्माण भएपछि समग्ररुपमा मुलुकलाई नै फाइदा पुग्ने निगमले जनाएको छ । अहिले बरौनीदेखि काठमाडौँसम्म पेट्रोल ढुवानी गर्दा प्रतिलिटर करिब छ रुपैयाँ ढुवानी खर्च थपिएको छ । अमलेखगञ्जसम्म पाइपलाइनमा पेट्रोल ल्याएर अन्य भूभागमा पठाउँदा ढुवानी खर्च आधा घट्ने अनुमान गरिएको छ । बरौनी वीरग्ञ्जबाट करिब तीन सय किलोमिटर टाढा छ । 'अहिले बरौनीबाट नै पेट्रोल र मट्टितेल आयात भइरहेको छ । पाइपलाइनबाट पेट्रोल र मट्टितेल आउन थालेपछि बरौनीबाट काठमाडौँसम्मको ढुवानी भाडा आधा बचत हुने अवस्था छ । निगमको बचत हुनु भनेको समग्रमा मुलुककै बचत हुनु हो', उनले भने । नेपाल–भारत अन्तरदेशीय पेट्रोलियम पाइप लाइन परियोजना २०७६ सालमा सम्पन्न भएको हो । त्यसयता पाइपलाइनबाट डिजेल आयात भइरहेको छ । विसं २०७६ भदौ २४ गते परियोजनाको औपचारिकरुपमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरुपमा उद्घाटन गरेका थिए । पाइपलाइन नहुँदा डिजेल लिनका लागि भारतको बरौनीसम्म ट्याङ्कर पठाउनुपथ्र्यो । ट्याङ्करबाट ढुवानी गर्दा सीमा क्षेत्रमा हुने अवरोध, सडक जाम, बन्द, हड्ताल लगायतले समस्या पार्दै आएको थियो । 'अब ती समस्या सधैँका लागि समाधान भएका छन्, पाइपलाइन निर्माण सम्पन्न भएपछि सहजरुपमा आफ्नै देशमा निगमको डिपोमा पेट्रोलिमय पदार्थ आयात भइरहेको छ', प्रमुख उपाध्यायले भने । पाइपलाइनबाट आयात भएको डिजेल अहिले लुम्बिनीको भैरहवा, बागमतीको थानकोट, गण्डकीको पोखरा, कोशीको विराटनगर र मधेस प्रदेशको जनकपुरमा आपूर्ति भइरहेको छ । मुलुकभरको मागको करिब ७० प्रतिशत डिजेल अमलेखगञ्ज डिपोले आपूर्ति गरिरहेको छ । पाइपलाइनबाट पछिल्लो चार वर्षमा ३८ लाख ११ हजार चार सय ५१ किलोलिटर डिजेल आयात भएको निगमले जनाएको छ । एउटै पाइपलाइनबाट डिजेल, पेट्रोल र मट्टितेलसमेत आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता कम हुँदा अहिले ट्याङ्रबाटै पेट्रोल र मट्टितेल आयात भइरहेको छ । आयोजना निर्माण सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको आयात पाइपलाइनबाटै हुनेछ । यसबाट प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्नसमेत सहयोग पुग्ने निगमले जनाएको छ । परियोजना सम्पन्न भएपछि पेट्रोलियम पदार्थको सुनिश्चित आपूर्ति संयन्त्रको व्यवस्था हुनेछ । यसका साथै ढुवानी भाडा बचत, प्रदुषण नियन्त्रण, परिमाण र गुणस्तरको सुनिश्चिता र समयको बचतलगायत फाइदा हुनेछ । पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात गर्दा प्राविधिक क्षति शून्य हुने गरेको निगमको भनाइ छ । यसबाट वार्षिक करिब १५ करोड रुपैयाँ बचत हुने अनुमान गरिएको छ । पाइप लाइनबाट डिजेल आयात हुन थालेपछि ढुवानी भाडाबापतको बर्सेनि दुई अर्ब रुपैयाँ जोगिएको छ । यो आयोजना निर्माण सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार ८४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ । सरकारले कम्तीमा तीन महिनाको माग धान्ने गरी भण्डारण क्षमता विस्तार गर्ने नीति लिएको छ । मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन परियोजना हो । यसको कूल लम्बाइ ६९.२ किलोमिटर छ । त्यसमध्ये ३३ किलोमिटर भारत र ३६ दशमलव २ किलोमिटर नेपाली भूमिमा पर्छ । पाइपलाइनको क्षमता वार्षिक करिब २५ लाख किलोलिटर रहेको छ । सन् २०१५ मा नेपाल र भारतबीच पेट्रोलियम पाइपलाइन निर्माणका लागि सम्झौता भएको थियो । सन् २०१८ मा नेपाल र भारतको प्राधनमन्त्रीले संयुक्तरुपमा परियोजनाको शिलान्यास गर्नुभएको थियो ।

# हार्दिक श्रद्धाञ्जलि

जन्म
२००२ भाद्र १९ गते



मृत्यू
२०८० भाद्र ११ गते
सोमवार द्वादशी

प्रजातन्त्र,लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रका २००७ सालका अथक योद्धा, नेपाली पत्रकारिताका भीष्म पितामह, प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी, साहित्य स्रष्टा, भाषा–साहित्य, धर्म–संस्कृतिका संरक्षक, इतिहासविद, गूगल म्यान, Encyclopedia, क्रान्तिवीर अभिनन्दनीय एवं अन्तर्राट्रिय बौद्धिक व्यक्तित्व **महामना राजेश्वर नेपाली**ज्यू ८० वर्षको अल्पायुमा २०८० साल भाद्र ११ गते सोमबार स्वर्गवास हुनु भएको हुँदा दिवंगत आत्माको चीर शान्तिको कामना सहित कोटिश्च श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्रदान गर्न भगवान श्री राम एवं सीतासंग करबद्ध प्रार्थना गर्दछौं । जयसीयाराम जय हनुमान !



**डा. उपेन्द्र साह**
डि.एच.एम.एस. (अनर्स) बि.यू.
क्यान्सर विशेषज्ञ
अखिल नेपाल होम्योपैथिक एसोसिए
जनकपुरधाम-२३, दधमतिपल

# मर्मत र सरसफाइपछि रौतहटसम्म पुग्यो गण्डक नहरको पानी

**भारतीय पक्षबाट यस वर्ष पानी उपलब्ध गराएपछि नहरको १५ ब्लकसम्म पानी पुगेको हो । गण्डक ब्यारेजको निर्माण भारतले गरेकाले सञ्चालन पनि भारतीय पक्षले नै गर्र्दै आएको छ । नगरको पानी भारतीय पक्षले समेत लिने गरेको कार्यालयका सूचना अधिकरी सुरेश साहले जानकारी दिए । नहर निर्माणपछि सन् १९७५ र १९७६ मा दुई चरणमा गरी भारत सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो ।**



**रासस**
**कलैया ।**
क्षतिग्रस्त संरचनाको मर्मतसम्भार र सरसफाइपछि गण्डक नहरको पानी रौतहटसम्म पुग्न थालेको छ । नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगञ्जले पर्सा, बारा तथा रौतहटसम्मको ८१ किमी लम्बाइको नहर सरसफाइ तथा मर्मतसम्भार गरेपछि सिँचाइ सुविधा पुर्याइएको हो । नहरमा पानी उपलब्ध भएपछि सिँचाइको सुविधा उपलब्ध भएको छ । पर्सादेखि रौतहटसम्म १५ वटा ब्लक रहेको नहरको सम्पूर्ण ब्लकमा पानी पुगेको कार्यालयले जानकारी दिएको छ । विगतमा ११ नं ब्लक बारासम्म मात्र नहरको पानी आउने गरेको थियो । कार्यालयले नहरको सरसफाइका साथै प्राविधिक निर्माण आफ्नै स्रोतसाधनबाट गरेको थियो भने मर्मतसम्भार भारतीय पक्षबाट गरिएको कार्यालयका प्रमुख मनोरञ्जनकुमार सिंहले जानकारी दिए । कार्यालयका अनुसार पर्सास्थित नेपाल–भारत सीमाभन्दा करिब २७ किमी पश्चिम भारतीय क्षेत्रको घोडहरा र कटरा नदी एकै स्थानमा मिसिएर बाढी आउँदा नहरको मूल संरचना करिब एक सय फिट बगाएको थियो । त्यसपछि नहरमा नदीको बाढी पसेको र नेपालमा पानी आउन छोडेको थियो । गण्डक नहर क्षतिग्रस्त हुनु अघिसम्म भारतीय पक्षले नहरमा सात सय २४ क्युसेकसम्म पानी दिने गरेको थियो । मर्मतपछि भारतीय पक्षबाट यस वर्ष पानी उपलब्ध गराएपछि नहरको १५ ब्लकसम्म पानी पुगेको हो । गण्डक ब्यारेजको निर्माण भारतले गरेकाले सञ्चालन पनि भारतीय पक्षले नै गर्र्दै आएको छ । नगरको पानी भारतीय पक्षले समेत लिने गरेको कार्यालयका सूचना अधिकरी सुरेश साहले जानकारी दिए । नहर निर्माणपछि सन् १९७५ र १९७६ मा दुई चरणमा गरी भारत सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । नवलपरासीको भैसालोटनस्थित नेपाल–भारत सीमामा निर्मित ब्यारेजबाट भारतीय पक्षले गण्डक नहरमा पानी छोड्ने गरेको छ । गण्डक नहरबाट पर्सा, बारा र रौतहट गरी तीन जिल्लामा गरी ३७ हजार चार सय हेक्टर जमिन सिँचाइ सुविधा उपलब्ध भएको छ ।

अरूको क्रियाकलापले तपाईंको आन्तिरिक शान्ति खल्बलिन नदिनुस् किनकी तिनका अनभिज्ञताले तपाईंको मूल्य वा खुशी परिभाषित गर्दैन ।

-मार्कस अरेलिय

## सम्पादकीय

# कानुन उलंघन गर्ने कसैको अधिकार छैन

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि सांघातिक आक्रमण भएको छ । रिर्पोटर्स क्लवको कार्यक्रम सकाएर बाहिर निस्किदै गर्दा नुवाकोटको विदुर नगरपालिका तुप्चे घर भई बालाजुको पैयुटार बस्ने ४७ वर्षका श्यामबहादुर सापकोटाले खुकुरी प्रहार गरि नेता यादवलाई घाइते बनाएको छ । उपचारमा संलग्न चिकित्सकका अनुसार सहमहामन्त्री यादवमाथि दुइपटक खुकुरी प्रहार भएको छ । पहिलो पटक घाँटीमा प्रहार गर्दा उनले राखेको गमछाका कारण कम घाँउ भएको र दोस्रो पटक टाउकोमा प्रहार गरिएको छ । प्रहारको प्रकृति हेर्दा ज्यानमार्ने उदेश्य नै देखिएको छ । नेतामाथि प्रहार भएको हालका इतिहासहरु खोतल्दा ज्यानै मार्ने उदेश्यले प्रहारहरु चाहि भएको छैन,नेतालाई बेज्जत गर्ने किसीमका जुता प्रहार देखि लिएर थप्पड प्रहारसम्म भएको घटनालाई बुझन सकिन्छ तर ज्यानै मार्ने उदेश्य घाँटीमा खुकुरीनै प्रहार गर्नु पहिलो घटना हो ।

हुनतः महेन्द्र यादवले हालैका दिनमा खासै चर्चित हुनुपर्ने अथवा नेपालका हालैका चर्चित घटनाहरु सुन काण्ड,भुटानी शरणाार्थी काण्ड देखि लिएर बालुवाटार काण्ड सम्ममा उनको संलग्नता देखिएको थिएन तर पनि उनीमाथि ज्यानै मार्ने किसीमको घटना घटनु शंकास्पद जरुर देखिएको छ । मधेशमा अहिले दुई किसीमको विश्लेषण भइरहेको देखिएको छ,एकले नेता यादवलाई मन्त्री बनाउनका लागि यसकिसीमका राजनीतिक हतकण्डा ल्याइएको विश्लेषण गरिदै छ भने अर्कोले काण्डै काण्ड गर्ने नेताहरुलाई केहि नगर्नेहरुले मधेशी भएकै कारण नेता यादवमाथि ज्यान मार्ने सांघातिक आक्रमण गरेको भनेर पनि विश्लेषण गरिदैछ । विश्लेषण जस्तो सुकै गरिएपनि नेपाल सरकारलाई यस घटनामाथि गम्भीर हुनुपर्ने आवश्यकता रहेको छ । सरकारले यस घटनापछि सजग भएर घटनाको छानवीन गरि दोषीमाथि कडा भन्दा कडा कारवाही गरिएन भने आउने समयमा यस किसीमका घटना दोहरिन समय पनि लाग्दैन । उसो पनि जनमानस वर्तमान नेताहरुको चर्तिकलाले आजित भईसकेको अवस्था छ । अर्कोतर्फ नेताहरुमाथि हमला हुने जस्तो किन भएको भनेर सरकारले विश्लेषण गर्नुपनि आवश्यक रहेको छ ,जनतालाई करको भारी बोकाएर आफुचाहि देशको चिन्ता छाडेर मौज मस्ती गर्ने नेताहरुको परिपाटीका कारण जनतामा नेताहरु प्रतिको भावनामा दुरी बढदै गएको छ । हुनतः जुता काण्ड र थप्पड काण्डबाटनै नेताहरुलाई सजग हुनुपर्ने थियो तर त्यसो भएन त्यसको उपजको रुपमा पनि यसलाई लिन सकिन्छ । यस विषयमा गम्भीर छलफल गरेर सरकारलाई अगाडी बढनुपर्ने समय आएको छ भने घटना घटाउनेमाथि कडा भन्दा कडा कानुनी कारवाहीको समेत आवश्यकता रहेको छ किनभने कानुन उलंघन गर्ने कसैको अधिकार नरहेको हाम्रो ठम्याई छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## शिक्षामा नविनत्तम चिन्तन

# विद्यालय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाः

७७ जिल्लाका प्राविधिक धारको पठन पाठनका लागि अनुमति लगभग सबै स्थानमा स्थानीय तहमा प्राविधिक धारको पंहुच पुर्याउन आ.व.२०७६, ०७७को बजेटमा प्राविधिक धारको पहुंच नपुगेको ७५३मध्ये २१२ स्थानीय तहका सामुदायिक विद्यालयमा पहंच पुर्याउने लक्ष्य लिएकामा आर्थिक सर्वेक्षण २०७६,०७७ अनुसार ६०७ओटा पालिकामा प्राविधिक धारको पहुंच पुगेको र अब बांकी १३६ स्थानीय तहमा पहुंच पुर्याउने सरकारको लक्ष्य रहेको देखिन्छ ।नेपाल सरकारको आ.व. २०७७, ०७८ को वार्षिक नीति तथा कार्यक्रमले सबै स्थानीय तह (७५३)अन्तर्गत क्रमशः प्राविधिक शिक्षालय तथा विद्यालय पुर्याउने नीति तथा कार्यक्रम तय भएको बुझिएकोछ ।



उदयकुमार यादव




नेपालमा २०१३ सालतिर वहु उदेश्यीय व्यावसायिक शिक्षाको माध्यमबाट शिक्षा दिने व्यवस्था शुरु भए पनि व्यवस्थित रुपमा व्यावसायिक शिक्षाको अवसर दिने कार्यको प्रारम्भ २०२८ साल देखि नै भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजनाका माध्यमबाट निम्न माध्यमिक तहबाट पूर्व व्यावसायिक विषयमा ज्ञान,सिप र माध्यमिक तह देखि साधारण तथा व्यावसायिक दुबै धार तर्फ अनिवार्य व्यावसायिक शिक्षा दिन शुभारम्भ गरियो । त्यसमा पनि व्यावसायिक धार तर्फ ४०० पुर्णाङ्कको व्यवसायिक विषय पनि समावेश गरिएको थियो ।यता आएर जब २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम गठन भए पछि आधारभूत तथा माध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्य उक्त परिषदले गर्दै आएकोछ।

यसरी आधुनिक समयको अन्तरालमा लगभग २०७१ देखि यता आएर माध्यमिक तहको कक्षा ९,१०मा पनि आधुनिक शिक्षा दिने उदेश्यले प्राविधिक धार तर्फ पनि माध्यमिक शिक्षा दिने व्यवस्था शुरुवात भएको पाईन्छ ।यसैगरी अचेल आधारभूत तह कक्षा ६दिखी कक्षा८सम्म पनि पेशा व्यवसाय र प्रविधि भन्ने विषयका माध्यम बाट समान्य व्यावसायिक सिप (सष्ट स्कील) प्रदान गर्न खोजिएकोछ ।यसर्थ अबको दिनमा माध्यमिक स्तरमा साधारण धार तर्फ पढाई (पठन पाठन) हुने विद्यालयको संख्या न्यून हुंदै गएको देखिन्छ र जहांजहां भौतिक पुर्वाधार र जनशक्तिका अभाव देखिदैनन् त्यसता विद्यालयहरुमा प्राविधिक धारमा नै वृद्धि भैरहेको देखिन्छ किन भने यो एउटा समयको जोरदार मांग पनि हो।

सामुदायिक विद्यालयमा कक्षा ९ देखि कक्षा १२ सम्म संञ्चालित प्राविधिक धारका विद्यालयमा कृषि विज्ञान, पशु विज्ञान, सिभिल ईन्जिनीयरींग, कम्प्युटर र ईलेक्ट्रोनीक आदि विषयका क्षेत्रमा बढि रहेकाछन्। हाल मनांग जिल्ला बाहेक ७६जिल्लाका प्राविधिक धारको पठन पाठनका लागि अनुमति लगभग सबै स्थानमा स्थानीय तहमा प्राविधिक धारको पंहुच पुर्याउन आ.व.२०७६, ०७७को बजेटमा प्राविधिक धारको पहुंच नपुगेको ७५३मध्ये २१२ स्थानीय तहका सामुदायिक विद्यालयमा पहंच पुर्याउने लक्ष्य लिएकामा आर्थिक सर्वेक्षण २०७६,०७७ अनुसार ६०७ओटा पालिकामा प्राविधिक धारको पहुंच पुगेको र अब बांकी १३६ स्थानीय तहमा पहुंच पुर्याउने सरकारको लक्ष्य रहेको देखिन्छ ।नेपाल सरकारको आ.व. २०७७, ०७८ को वार्षिक नीति तथा कार्यक्रमले सबै स्थानीय तह (७५३)अन्तर्गत क्रमशः प्राविधिक शिक्षालय तथा विद्यालय पुर्याउने नीति तथा कार्यक्रम तय भएको बुझिएकोछ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले रोजगार मुलक र गरि खाने शिक्षामा जोडदिनकालागि अनिवार्य विषयका रुपमा जीवन उपयोगी शिक्षालाई जोड दिईएकोछ। यसरी स्थानीय तहमा पनि पोलिटेक्नीक स्थापाना गर्नें र विद्यालय तह देखि नै जीवनोपयोगी व्यावसायिक र प्राविधिक शिक्षामा बढि जोड दिईने, प्राविधिक तथा व्यावसायिक शिक्षाकोअनुपात बढाउने सार्थक प्रयास भएको पाईन्छ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा तालिम परिषदः**

अर्थात् यदि वास्तवमा भन्नु पर्ने हो भने,सीप युक्त दक्ष जनशत्ति नैविकासको प्रमुख स्रोत हो ।प्राविधिकतथा व्यावसायिक शिक्षा र उचित तालिमले गरिबी र बेरोजगारी कम गराइ आर्थिक विकासको राष्टिय लक्ष्य हांसिल गर्न टेवा पुर्याउने तथ्य निर्विवाद रुपमा रहेकोछ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलेकुनै पनि व्यक्तिलाई बोलि खांने भन्दा गरी खाने बनाउंदछ, यसमा कुनै शंका छैनन् ।प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद विक्रम् संम्बत्२०४५तथा ई.सं.१९८९मा स्थापना भएको हो। देशमा सीप युक्त प्रविधिक शक्तिको विकास गर्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको नीति निर्माण देखि लिएर यस संबन्धित् संपूर्ण सम्न्वयगरी तथा सम्बन्धन दिने कार्य एक मात्र सरकारी निकायको रुपमा यो ससंस्था कायम रकेकोछ। यसै संस्थाले देशभरि स्तरीय प्राविधिक जनशक्ति निर्माण गरी तयार पार्ने,पाठ्यक्रम विकासको साथ साथै सीप प्रमाणी करणका साथै यस क्षेत्रमा संम्पूर्ण अध्यन र अनुसन्धानका कार्यहरु निरन्तररुपमा गर्दै आई रहेको दखिन्छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले नेपालको यूनेस्को...यूनिभोक केन्द्रको रुपमा समेत काम गर्दै आईरहेकोछ ।यस संस्थामा हाल जम्मा ९३२ दरबन्दी रही कर्मचारीहरु कार्यरत रहेकाछन्। प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति २०१२ (वि.सं.२०६९)का अनुरुप बनाईएको परिषदको रणनीति योजना (२०१४ देखि २०१८)मा दुर द्दष्टि २०३० सहितको अभियानका साथै दुर द्दष्टि प्राप्तिको लागि लक्ष्यहरु र प्रत्येक लक्ष्यहरुको प्राप्तिको लागि रण नीतिहरु समेत तयार गरी सो अनुसार कार्यक्रम कार्यान्वयन हुने गरि तयार गरिएको थियो ।तत्पश्चात सोको समिक्षा गरी नयां रणनीतिका योजना पनि
(२०२० देखि २०२४) तयार गरिएको पाईन्छ।

यसरी हेर्दा, नेपालमा आधारभूत तथा मध्यम स्तरीय सीप युक्त जनशक्ति उत्पादनका निमित्त नेपाल सरकारका प्रयासहरुको महत्वपूर्ण परिणाम स्वरुप प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको गठन भएको हो ।परिषदको स्थापना प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन,२०४५अन्तर्गत् भएको हो ।यसर्थ यसऐनले निम्न तथा मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने ।समुचित व्यवस्थानुकुल तालिम दिने लगायत यस सम्बन्धि संपूण कार्यको स्तर निर्धारण गरी तथा गुण जांच समेत गर्ने गरायने जिम्मा पनि यस परिषदलाई नै सुम्पिएको हुंदा परिषद कार्यालयको सम्न्वयमाएउटा निम्न तथा मध्यम स्तरीय प्राविधिक तथा व्यावसायिक बोर्ड गठन गरी जुनसुकै निकायबाट दिने मध्यम स्तर सम्मको तालिम तथा प्राविधिक शिक्षाको नियन्त्रण लगायत अनुगमनको पनि व्यवस्था गर्दै आईरहेको देखिन्छ, ।यसका साथसाथै यसलाई अफै व्यापक तथा विस्तृत तुल्याउनका लागि वि.सं.२०४९तिर यसको ऐनमा नै पहिलो संशोधन समेत गरी बढी भन्दा बढी जनमुखि, लोकप्रिय अनि फलदायी बनाउने दिशामा अर्को कदम पनि चालिएको देखिन्छ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत संचालित कार्यक्रमहरुः:**

वर्तमान अवस्थामा संस्थागतक्षमता अनुकुल यसका सातवटा प्रादेशिक कार्यालयहरु कयम गरिएका छन् भने, ५९ वटा आंगिक शिक्षालय र पोली टेक्नीकलहरु प्रिसञ्चालनमा रहेकाछन् ।यसका अन्य बीसवटा साझेदारीमा सञ्चालित संस्थाहरु पनि छन् ।यसका अलावा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम संञ्चालित ५३४ वटा विद्यालयहरु,यसका साथ साथै निजी स्तरमा पनि संम्बन्धन प्राप्त संञ्चालित संस्थाहरु ४२९, छिटो अवधिको व्यावसायिक तालिम संचालित ११३१ वटा संस्थाहरु प्रिषदबाट सम्बन्धन प्राप्त गरी हाल संञ्चालनमा रहिआएका छन्। यसका प्रमुख्य लक्ष्यहरु बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छः

प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा तालिम परिषदले आफ्नो दुर द्दष्टि र उदेश्य प्राप्त गर्नका लागि निम्न लिखित ६ वटा मुख्य लक्ष्य लिएकोछः

१.प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतापूर्ण पहुंच विस्तार गर्ने

२.यस अन्तर्गत प्रत्येक प्रणालीमा गुणस्तर,समय सापेक्षता र दक्षता अभिवृद्धि गर्ने

३.साथै यसको व्यवस्थापनमा प्रभावकारीता एवं दक्षता अभिवृद्धि गर्ने

४.शैक्षिक ढांचासंग मेलखाने राष्ट्यि व्यावसायिक योग्यता ढांचा स्थापना गर्ने

५.यस सम्बन्धि कोष स्थापना गर्न प्राविधिक सहयोग विस्तार गर्ने

६.यस संग संम्बन्धित सरोकारवालाहरु बीच प्रभावकारी संयोजन स्थापना गर्ने

प्रिषदको संस्थागत संरचना निम्न प्रकारको छः

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति निर्माण योजना र समन्वयको लागि जम्मा २३ जना सदस्य भएको परिषद सभा तथा ९जना सदस्य भएको परिषद रहने व्यवस्थाछ ।सभा र परिषद दुवैको अध्यक्षमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्री रहने प्रावधान रहेकोछ, भने नेपाल सरकारबाट मनोनीत १जना पूर्ण कालिन उपाध्यक्ष र परिषदका सदस्य सचिव कार्यकारी प्रमुखको रुपमा रहने व्यवस्था परिषद ऐनमा रहेकोछ । यसरी परिषदले आफ्नो कृयाकलाप तथा कार्यक्रमहरु ९ वटा महाशाखाहरु,३वटा अर्ध स्वायत्त निकायहरु, ७ वटा प्रादेशिक कार्यालयहरु र शिक्षालयहरु मर्फत सम्पादन गर्दछ।

अर्थात्समग्रमा भन्दा खेरि,प्राविधिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना चांहि विश्व बैंकको आर्थिक सहयोगमा व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको स्थापना नेपाल सरकारबाट भएको हो। जसले सीपयुक्त र तत्काल रोजगार बजारमा मांग भएबमोजिम कामदार आपूर्ति गर्न गुण स्तरीय तालिमको पहुंच विस्तार गर्न रनेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई सुद्दढ गर्न सहयोग गर्दछ ।अतःयस परियोजनाले खासगरी सुविधाविहीन युवा समुह जस्तैःगरिब,सुविधाविहीन क्षेत्रमा बसोवास गर्ने समुदाय,महिला,दलित अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति र अपांग भएका समूहलाई बढी लक्षित गरी समावेशी तरिकाबाट प्राविधिक शिक्षा र व्यावसायिक तालिमको पहुंच वृद्धिमा क्रियाशील हुनु पर्दछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्फा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बढ्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक -** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ।कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।


# निर्वाचन कानुन परिमार्जनको तयारी

**नारायण न्यौपाने**
**काठमाडौँ ।**
मुलुकमा सुशासन कायम गर्ने सन्दर्भमा चुनौती खडा गरेको चुनावी खर्च र भड्किलो प्रचारप्रसारको आमरुपमा आलोचना भएपछि अन्तर्राष्ट्रिय अभ्यास र अनुभवका आधारमा निर्वाचन कानुन नै परिमार्जन गर्न लागिएको छ ।

निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, सुरक्षित र मितव्ययी बनाई समाजमा यससम्बन्धी उठेका आवाजलाई सम्बोधन गर्न साविकको निर्वाचनसम्बन्धी कानुनमा व्यापक परिमार्जन र संशोधनका लागि प्रस्ताव गरेको हो । निर्वाचनसँग सम्बन्धित विद्यमान सात वटा ऐनका प्रावधानलाई समेटी एकीकृतरुपमा तयार गरिएको विधेयकको मस्यौदामा खासगरी निर्वाचन अभियानलाई थप मर्यादित तुल्याउन, मौन अवधि घटाउन र खर्चलाई पारदर्शी बनाउन प्रस्ताव गरिएको आयोगका प्रवक्ता शालीग्राम शर्मा पौड्यालले बताए । निर्वाचन मौन अवधि २४ घण्टामा सीमित पार्ने, उम्मेदवार र दलले गर्ने खर्चको हद र पारदर्शी तुल्याउन प्रस्ताव गरिएको मस्यौदामा निर्वाचनमा खर्चको विवरण पेस गर्नुपर्ने दायित्व भएको व्यक्तिले निर्धारित समयमा विवरण नबुझाएमा छ वर्षसम्म उम्मेदवार हुन नसक्ने उल्लेख छ । मस्यौदामा नामावली सङ्कलन, अद्यावधिक, दोहोरोपनाको खारेजी, विदेशमा रहेका नेपालीको विवरण सङ्कलन, निर्वाचन हुने दिन, मतदानको समय र निर्वाचन प्रचारप्रसार अवधि, मौन अवधि, निर्वाचन अधिकृत नियुक्ति तथा उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधान प्रस्ताव गरिएको छ । महिला उम्मेदवारीको प्रावधानविपरीत उम्मेदवार दिने राजनीतिक दलको सबै उम्मेदवारी रद्द हुने प्रावधान रहेको नयाँ विधेयकको मस्यौदामा उम्मेदवारले मनोनयन पेस गर्दा आफू र परिवारको सदस्यको सम्पत्ति विवरण पेस गर्नु पर्नेछ । दलित, महिला, आपाङ्गता भएका र आर्थिकरुपले विपन्न वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको उम्मेवार भए धरौटी रकममा ५० प्रतिशत छुट दिने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ । निर्वाचन खर्चको सीमा तोक्दा निर्वाचन क्षेत्रको भौगोलिक विकटता, दुरी, मतदान केन्द्र र मतदाता सङ्ख्या, यातायात सुगमताका खर्चका आधारमा हद तोक्ने तथा प्रचारमा भएका आम्दानी र खर्चको विवरण सार्वजनिक गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । नेपालका विभिन्न निर्वाचन क्षेत्रबीच हुने खर्चको फरकपनको पाटोलाई हेक्का गरी त्यससम्बन्धी प्रावधान प्रस्ताव गरिएको हो ।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्णले आर्थिक अवस्था धेरै राम्रो नभएको हाम्रो मुलुकमा हुने निर्वाचनसम्बन्धी कानुनी खर्च व्यवस्थालाई ठीक मानिए पनि त्यसको दश गुणभन्दा बढी हुँदै आएको खर्चले भ्रष्टाचारलाई बढाई सुशासनलाई चुनौती दिइरहेको प्रतिक्रिया दिए । उनले भने, 'निर्वाचनका क्रममा सबैभन्दा धेरै खर्च भोजभतेर हुन्छ, कुनै बस्तीमा त पैसा नै वितरण भएको भन्ने पनि सुनिन्छ ।

यस्तो हर्कत रोक्न निर्वाचन आयोगले प्रहरी र प्रशासनमार्फत आफ्ना समयन्त्र प्रयोग गरी अनुगमनलाई कडा तुल्याउनुपर्छ ।' निर्वाचन खर्चलाई व्यवस्थित र पारदर्शी गर्न सकिएमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने जनाउँदै आयोगले बैंक खाताको विवरण, खर्च गर्ने अनुमानित रकम र सोको स्रोत खुलाउनुपर्ने व्यवस्था प्रस्ताव



*"नेकपा(एमाले)का नेता सुरेन्द्र पाण्डेले मौन अवधिमै धेरै सक्रिय भएर पैसा वितरण गर्ने भन्ने पुरानो आरोपमा आजकाल धेरै परिवर्तन भई उम्मेदवारलाई त्यस अवधिमा गाउँ नै छिर्न नदिनेसम्मका घटना देखिन थालिसकेको बताए । पूर्वअर्थमन्त्री पाण्डेले भने, 'मौन अवधि नै हटाउने कि भन्ने एकखाले तर्क छ, प्रचारशैलीमा धेरै सुधार भइसक्यो, अहिले सबैभन्दा धेरै खर्च खाना र सवारीसाधनमा हुन्छ, मोटरसाइकल र गाडी र्‍याली गर्न नपाउने हो भने ठूलो खर्च घटाउँछ ।' मौन अवधिमा राजनीतिक दल र उम्मेदवारबाट पैसाको चलखेललगायत अवाञ्छित गतिविधि धेरै हुने गरेको भन्ने प्रश्न उठेपछि आयोगले अन्तर्राष्ट्रिय अभ्यासबीच समेत तालमेल हुने गरी एक दिन रहने व्यवस्था प्रस्ताव गरेको हो । निर्वाचनमा हुने खर्चलाई सुशासनसँग जोडिएकाले तडकभडकसहितको फजुल खर्च रोक्ने र आय र व्ययलाई पारदर्शी बनाउने विषय 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'को मस्यौदामा प्रस्ताव छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने तथा कुनै दलले पालिका प्रमुख र उपप्रमुखमा एउटा मात्र उम्मेदवार बनाएमा त्यो महिला नै हुनुपर्ने स्पष्ट व्यवस्था गरेको छ ।*

गरेको छ । नेकपा(माओवादी केन्द्र)का नेता एवं वरिष्ठ अधिवक्ता रामनारायण विडारीले चुनावी खर्च बढी देखिएमा उम्मेदवारी नै रद्द हुने र अर्को एक अवधि पनि उम्मेदवार हुन नपाउने प्रावधान राखिनुपर्नेमा जोड दिए । उनले भने, 'चुनाव प्रचार शैलीलाई शर्तसहित व्यवस्थित गर्ने र मौन अवधिको समय घटाउने विषय उचित नै छ, टिकट किन्नेदेखि सांसदले सरकारी ढिकुटीबाट पैसा लिन र बाँड्ने कार्य कडाइका साथ रोक्नुपर्छ ।' 'चुनावमा खर्च किन भन्ने कोणबाट बहस सुरु गरिनुपर्छ, प्रचारप्रसार पारदर्शी गर्ने, भोट माग्न तीन जनाभन्दा बढी हिँड्न र गाडी प्रयोग गरी आमसभामा दर्शक ओसार्न नपाइने, सञ्चारमाध्यमबाट प्रसार गर्ने, आमसभा पनि दुईभन्दा गर्न नपाइने हुनुपर्छ', नेता विडारी भन्छन् ।

निर्वाचनका बेला दाबावमा र प्रभावमा रकम उठाइ खर्च गर्ने अवस्थालाई नियन्त्रण गर्न सरकारी तथा सकार सम्बद्ध निकाय एवं गैरसरकारी संस्थाबाहेक अरुसँग विवरण खुलाएर मात्र आर्थिक सहयोग लिनसक्ने प्रस्ताव गरिएको छ । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले निर्वाचनलाई थप व्यवस्थित तुल्याएर खर्चलाई घटाउने र मुलुकलाई सुशासनको बाटोमा लैजाने कार्यमा सरकार र राजनीतिक नेतृत्वलाई समयमै ध्यान पु¥याउन सुझाव दिए । आर्थिक विषयलाई पारदर्शी बनाउन सहयोग बंैकिङ प्रणालीमार्फत लिनुपर्ने, रसिद दिनुपर्ने, ५० हजारभन्दा बढी सहयोग लिँदा स्रोत खुलाउनुपर्ने तथा कुनै शर्त तोकी सहयोग लिन नहुने व्यवस्था गरिएको छ । नेपाली कांग्रसका नेता एवं राज्यव्यवस्था समितिका सदस्य हृदयराम थानीले चार वटा राजनीतिक दल जुट्दा पनि सरकार गठन गर्न नसक्ने हालको निर्वाचन प्रणाली मुलुकले थेग्न नसक्ने प्रतिक्रिया दिए । उनले भने, 'सधैँ अहिलेकै ढाँचाले सरकार चल्दैन, सङ्क्रमणका बेला सबैलाई चित्त बुझाउन यो निर्वाचन प्र्रणालीमा सहमति भएको थियो । निष्ठाको राजनीति हराएको छ, जसले जे ग¥यो त्यसले मात्र चुनाव जित्ने देखियो, कतिञ्जेल टुलुटुल हेरेर बस्ने अब ।' निर्वाचनको वास्तविकरुपमा खर्च उम्मेदवार वा दलले निर्वाचन परिणाम घोषणा भएको ४५ दिनभित्र विवरण पेस गर्नु पर्नेछ । प्रस्तावित मस्यौदाअनुसार, निर्वाचन खर्च सम्बन्धमा आयोग र निर्वाचन अधिकृतले अनुगमन, सुक्ष्म अनुगमन गर्नेछन् ।

निर्वाचनमा सर्वसाधारण वा मतदाताबाट नगद र जिन्सी लिए दिएमा जरिवाना र कैद हुने व्यवस्था प्रस्ताव गरिएको छ । राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले गणतन्त्र र लोकतन्त्रका लागि धेरै सङ्घर्ष, त्याग तपस्या गरे पनि हाम्रै क्रियाकलापले मुलुक भ्रष्टाचारमा चुर्लुम्ब डुबेको प्रतिक्रिया दिए । उनले भने, 'राजनीतिक दल जारी घोषणापत्र र सिद्धान्तमा नचल्दा जनताको नेताप्रति हेर्ने दृष्टिकोण त्यति राम्रो छैन, जनता र राष्ट्रले लाभ प्राप्त गर्ने काम गर्नुपर्छ । निर्वाचनमा सुधार ल्याउनुपर्छ, भ्रष्टाचारको साछी बसेर टुलुटुलु हेर्न हुन्न ।' निर्वाचनलाई पारदर्शी र अनुमानयोग्य बनाउन दल वा उम्मेदवारले बैंक खाताको विवरण उपलब्ध गराउन पर्नेछ । ऐनविपरीत खर्च गरेमा जरिवाना गर्ने र खाता भएका रकम जफत हुनेछ । पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल एउटा लेखमा भन्नुभएको छ, 'प्रणाली मात्र राम्रो भएर पुग्दैन, अभ्यासकर्ताबाट हुने प्रयोग र पालनाका आधारमा प्रणाली निर्धारण गर्छ भन्ने पक्षलाई नेतृत्वकर्ताले सदा हेक्का राख्न जरुरी छ ।' दल र उम्मेदवारको निर्वाचन प्रचारप्रसार अभियानमा लाग्ने वास्तविक खर्चको बृहत् पारदर्शीता प्रदान गर्न आय र व्यय दुवै प्रतिवेदनमा समावेश गर्न प्रस्ताव गरिएको छ । पूर्वप्रमुख निर्वाचन आयुक्त डा अयोधिप्रसाद यादव मतदाता नामावली दर्तादेखि निर्वाचन सञ्चालन र परिणाम घोषणासम्मका सबै क्रियाकलाप र प्रक्रिया स्वच्छ, स्वतन्त्र र निष्पक्ष हुनुपर्नेमा जोड दिन्छन् । उनी भन्छन्, 'लोकतन्त्र र सुशासनको महत्त्वपूर्ण आधार भनेको स्वच्छ, मितव्ययी र निष्पक्ष निर्वाचन भएकाले निर्वाचनमा हुने खर्च र प्रचारप्रसारको ढाँचाले राज्यलाई सुशासनको मार्गमा लैजान सहयोग प¥याउने भनाइ छ ।' विधिको शासन, उत्तरदायी सरकार, पारदर्शीता, भ्रष्टाचारमुक्त समाज र सुशासन कायम गर्दै लोकतन्त्र सुदृढीकरणका लागि निर्वाचनसम्बन्धी प्रस्तावित कानुनले योगदान पु¥याउने विश्वास गरिएको छ ।

# पहाड र मधेशका दलितलाई मात्रै आरक्षण

**रासस**
**दाङ ।**
लुम्बिनी प्रदेशमा पहाड र मधेश दलितलाई मात्रै आरक्षण छुट्याइएको छ । शुक्रबार पारित भएको लुम्बिनी प्रदेशको 'प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०' मा यस्तो कुरा उल्लेख छ ।

**१३ तहको कर्मचारी नियुक्ति गर्नसक्ने**

प्रदेश सरकारले १३ तहका कर्मचारी नियुक्ति गर्नसक्ने भएको छ । जुन प्रदेशको प्रमुख सचिवका रुपमा रहनेछन् । नेपाल सरकारले विशिष्ट श्रेणीको कर्मचारी उपलब्ध नभएमा प्रदेश सचिवमध्येबाट ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा प्रदेश प्रमुख सचिव नियुक्त गर्न सक्नेछ । प्रदेशले १२ तहका कर्मचारीलाई प्रदेश सचिवसरह राखेको छ । प्रमुख सचिवको पदावधि तीन वर्षको र अन्य सचिवको पदावधि तीन वर्षको हुनेछ ।

**करार कर्मचारी नियुक्त नगरिने**

लुम्बिनीमा करार कर्मचारी नियुक्त नगरिने भएको छ । प्रदेश लोकसेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारबाट आवश्यकताअनुसार अस्थायी नियुक्ति गर्नेछ । त्यसका लागि आयोगले छुट्टै योग्यताक्रम अनुसारको सूची तयार गर्नेछ । प्रदेश निजामती सेवाको रिक्त पदमा अस्थायी नियुक्त गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले लोकसेवा आयोगसमक्ष लेखी पठाउनुपर्नेछ । सोहीअनुसार लोकसेवाले अस्थायी कर्मचारी नियुक्तिका लागि नाम सिफारिस गर्नेछ । यो विपरीत करार कर्मचारी नियुक्त गरे खाइपाइ आएका सबै सुविधा असुलउपर गर्न सकिनेछ । यद्यपि स्वीकृत दरबन्दीभित्रको कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, माली, स्वीपर, पलम्बर, इलेक्ट्रिसियन र सवारी चालकजस्ता पद रिक्त भएमा भने करार वा ज्यालादारीमा नियुक्त गर्न सकिनेछ । त्यस्तै स्वास्थ्य सेवाको चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन, असाधारण वा लामो बिदामा रहेका कारण स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाइ परेमा वा चिकित्सक पद स्थायी वा अस्थायी पदपूर्ति हुन नसकेमा न्यूनतम योग्यता भएका चिकित्सक वा स्वास्थ्यकर्मीलाई करार सेवामा काम लगाउन सकिनेछ । त्यसरी नियुक्त भएका करार कर्मचारीलाई पनि सामाजिक सुरक्षा योजनामा समेटिने भएको छ । साथै करार कर्मचारीले निजामती कर्मचारीले पाएसरह सुविधा पाउनेछन् । करार कर्मचारीले पनि भैपरी र पर्व बिदा, घर बिदा, बिरामी बिदा, काजकिरिया बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा, महिनावारी बिदा पाउनेछन् । त्यस्तै पोशाक भत्ता, चाडपर्व र महँगी भत्ता पनि पाउनेछन् । साथै सरकारले आवश्यक परेका खण्डमा योजना, विकास र सार्वजनिक प्रशासनलगायत क्षेत्रमा पारिश्रमिक तथा सुविधा दिइ काममा लगाउनसक्ने व्यवस्था ऐनमा उल्लेख छ ।


**कर्मचारी राजनीति गर्न नपाइने**

कर्मचारी राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाइने ऐनमा उल्लेख छ । निजामती कर्मचारीले राजनीतिक दल वा सङ्गठनको सदस्य लिन, राजनीति क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिन नहुने, कुनै निजामती कर्मचारीले आफ्नो सेवासम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने, कर्मचारीले सुरु नियुक्ति लिँदा कुनै पनि राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा गर्नुपर्ने उल्लेख छ । कर्मचारीले सरकारको आलोचना गर्न नहुने कुरा पनि समावेश गरिएको छ । कुनै पनि सरकारको नीतिविपरीत हुने वा सङ्घ, प्रदेश र स्थानीय सरकार र जनताको पारस्परिक सम्बन्ध वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न वा विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा प्रतिक्रिया व्यक्त गर्न नहुने उल्लेख छ । कर्मचारीलाई विशेष आर्थिक सुविधाका लागि कुनै निजामती कर्मचारी सेवामा छँदै मृत्यु भएमा परिवारलाई एकमुष्ट एक लाख ५० हजार विशेष सुविधा प्रदान गरिने प्रस्ताव छ । सरकारी कामकाजसम्बन्धी समाचार प्रकाशन गर्न प्रतिबन्ध लगाउने ऐनमा उल्लेख गरिएको छ । कुनै निजामती कर्मचारीले प्रदेश सरकारद्वारा अख्तियारी नपाइ आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा जानकारी प्रत्यक्ष वा अप्रत्यक्षरूपबाट अरू अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा प्रेसलाई दिन वा बताउन नहुने, यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुने उल्लेख छ । यस्तै, दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध लगाइएको छ । सरकारी काममा कुनै प्रकारको असर पर्न सक्नेगरी कुनै पनि निजामती कर्मचारीले प्रदेश सरकारको पूर्वस्वीकृतिविना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्ति वा संस्थाबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्ति वा संस्थासँग सापटी लिन रोक लगाएको छ । निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले आफ्नो कार्यालयलाई सो कुराको सूचना दिइ निकासा भएबमोजिम गर्न निर्देशन गरेको छ । कम्पनीको वा वित्तीय संस्थाको स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने पनि उल्लेख छ । निजामती कर्मचारीले प्रदेश सरकारको पूर्वस्वीकृत नलिइ कुनै बैंक वा कम्पनीको स्थापना, रजिस्ट्रेसन वा सञ्चालनको काममा भाग लिन नहुने, प्रचलित कानुनबमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्न नहुने तर, साहित्यक, वैज्ञानिक वा कलात्मक कार्य गर्नसक्ने उल्लेख छ । निजामती कर्मचारीले कुनै प्रकारको नोकरी वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्नेगरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्न नहुने तर सरकारको नीतिविपरीत नहुनेगरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानवकल्याण, परोपकार वा खेलकुदसम्बन्धी कार्य गर्नसक्ने उल्लेख छ । यस्तै, प्रदर्शन र हडताल गर्न नहुने ऐनमा उल्लेख छ । निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हडतालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, जुलुसमा भाग लिन वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पु¥याउन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उस्कासनसमेत नहुने उल्लेख गरिएको छ । कुनै कर्मचारीले कुनै कर्मचारी वा सेवाग्राही कसैलाई लिखित, मौखिक, इसारा गरी वा कुनै श्रव्य वा दृष्य वा श्रव्यदृष्य दुवै वा सामाजिक सञ्जालको प्रयोग गरी यौनजन्य दुव्र्यवहार गर्न गराउन नहुने, प्रचलित कानुनविपरीत हुने गरी निजामती कर्मचारीले बालविवाह, बहुविवाह वा अनमेल विवाह गर्न गराउन नहुने उल्लेख छ । निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने, सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र कार्यसम्पादन गर्न लाग्ने समयसमेत स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनुपर्ने विषय समावेश गरिएको छ । प्रदेश सरकारको प्रमुख सचिवको पद सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पद हुने, प्रदेश सरकारको प्रमुख सचिव पदमा खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा प्रदेश सरकारप्रति उत्तरदायी हुने उल्लेख छ । प्रदेश सचिव तथा अन्य कर्मचारीका रूपमा सङ्घीय निजामती कर्मचारी खटाउनसक्ने उल्लेख छ । यसका साथै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुने उल्लेख छ । स्वीकृत दरबन्दीका आधारमा मन्त्रालयले प्रचलित प्रदेश कानुनबमोजिम सम्बन्धित सेवाका कर्मचारी खटाउने, तर अधिकृतस्तर एघारौँ तहको प्रमुख प्रशासकीय अधिकृत रहने स्थानीय तहमा प्रदेश सरकारले सोही तहको कर्मचारी खटाउने उल्लेख छ ।




*खस आर्य महिला र विपन्न खस आर्यले पनि आरक्षण पाउने भएका छन् । खस आर्य महिलालाई १५ प्रतिशत, विपन्न खस आर्यका लागि सात प्रतिशत, थारु समुदायका लागि १४ प्रतिशत, मुस्लिम समुदायका लागि सात प्रतिशत, आदिवासी जनजातिका लागि १८ प्रतिशत, मधेशीका लागि १६ प्रतिशत, अपाङ्गता भएका व्यक्तिका लागि तीन प्रतिशत, पिछडिएको वर्ग÷क्षेत्र, सिमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि पाँच प्रतिशत आरक्षण छुट्याइएको छ । खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याइ सोही प्रतिशतलाई शतप्रतिशत मानी छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरिएको छ । सोही ऐनमा पिछडिएको वर्ग क्षेत्र भन्नले प्रदेश सरकारको मानव विकास सूचकाङ्कमा आधारित रहेका प्रत्येक पाँच वर्षमा प्रदेश राजपत्रमा प्रकाशित गरी तोकिएको वर्ग क्षेत्र बुझिएको छ । त्यस्तै आर्थिकरुपले विपन्न खसआर्य भन्नले गरीबको परिचयपत्र प्राप्त गरेका वा परिचयपत्र प्राप्त नगरेका सन्दर्भमा सम्बन्धित स्थानीय तहले दिएको सिफारिसलाई आधार मानिने उल्लेख छ । त्यस्तै सिमान्तकृत भन्नाले प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेअनुरुप हुने उल्लेख छ ।*

# मासिक तीनदेखि आठ हजार कमाउँछन् विद्यार्थी



**रासस**
**चितवन ।**
जिल्लाको इच्छाकामना गाउँपालिका घर भई माडीमा रहेको जनकल्याण माविमा कक्षा १० मा अध्ययन गर्दै गरेका इन्द्रबहादुर चेपाङ अहिले विद्यालयमा व्यस्त रहने गरेका छन् । माडी नगरपालिका–६ कल्याणपुरमा रहेको विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू भएसँगै यहाँ अध्ययन गर्ने विद्यार्थी घरमाबाहेक विद्यालयमा समेत कृषि कार्यमा व्यस्त रहन थालेका छन् । चेपाङ विसं २०७२ को भूकम्पपछि माडी नगरपालिकामा आएर बुबाआमासँग बसोबास गर्दै आएका छन् । अध्ययनका लागि असहज बन्दै गएको त्यो दिन सम्झदै चेपाङ भन्छन्, ‘पहिले घरबाट खर्चको जोहो मिलाउन कठिन थियो । अहिले त विद्यालयको कार्यक्रममा सहभागी भएर आफैँ कमाउने र पढ्ने गरेको छु ।’ विकास केन्द्रले सञ्चालन गरेको कार्यक्रममा सहभागी भएसँगै कापी कलम किन्ने, खाजा खर्चदेखि अन्य व्यक्तिगत खर्चका लागि परिवारसँग हारगुहार गर्नु नपरेको उनको भनाइ छ ।
उनले भने, ‘पढाइसँगै कामअनुसार मासिक तीन हजार रुपैयाँ हाराहारी कमाउने गरेको छु ।’ अब केही समयपछि आफू कृषि कर्ममा लागेर कमाउनसक्ने उनले बताए । एसइई परीक्षा उत्तीर्ण गरेपछि अध्ययनको बाटोलाई पूर्णबिराम लगाएका स्थानीय राजेश महतो अहिले कार्यक्रममा जोडिएसँगै अध्ययनलाई निरन्तरता दिन थालेका छन् । उनले अहिले कक्षा ११ मा अध्ययनरत छन् ।
विद्यालयमा नै बसेर कार्यक्रममा सहभागी हुँदै आएका उनी अहिले महिनाको आठ हजार रुपैयाँ कमाउने गरेको बताउँछन् । उनले, ‘पढ्न पाइँदैन कि भन्ने थियो । अब कक्षा १२ सम्म अध्ययनका लागि सहज भएको छ ।’ आफूले कमाएर घरपरिवारलाई समेत दिने गरेको उनले बताए । उनले थपे, ‘यहाँ गरेको दुःख भविष्यका लागि सहज बन्नेछ भन्नेमा विश्वस्त छु ।’
समूहमा रहेका साथीहरूले विद्यालय समयमा मात्रै काम गर्ने भएकाले त्यो कामको रेखदेख गर्न उनी विद्यालयमा नै बस्ने गरेका छन् ।
विद्यालयले यी समूहमा रहेका विद्यार्थीबाट १२ कट्ठा जग्गामा धान रोपाइँ गरेको छ । तरकारीखेती समेत गर्दै आएको छ । यस्तै ३० जना विद्यार्थीले बाख्राको पाठा घरमा लगेर पालेका छन् भने चार सय वटा हाँस बिक्रीका लागि तयारी अवस्थामा रहेका छन् । कार्यक्रममा सहभागी कक्षा ११ की सञ्जीता लामिछाने घरमा खासै काम गर्ने बानी नपरे पनि विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू भएपछि घरमा समेत काम गर्ने बानी परेको बताउँछिन् । अध्ययनका लागि परिवारसँग पैसा माग्दा हुने समस्या अहिले नरहेको उनको भनाइ छ ।
उनी अहिले विद्यालयमा साथीहरूसँग काम गर्दा छुट्टै महसुस हुने गरेको सुनाउँछिन् । अहिले पढाइका लागि परिवारसँग खर्च माग्नु नपरेको भन्दै उनले भनिन्, ‘अब कृषि कर्म गरेर खान सक्छु भन्ने आँट यस कार्यक्रमले दिएको छ ।’ आर्थिक वर्ष २०७८/८९ सालदेखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोटमा परी पढ्दै कमाउँदै कार्यक्रममा लागू भएसँगै यस विद्यालयमा अध्ययन गर्ने न्यून आय भएका विद्यार्थीलाई अध्ययनका लागि टेवा पुगेको छ ।
विद्यालयले तीन वटा समूह बनाएर यस कार्यक्रममा विद्यार्थीलाई सहभागी गराउँदै आएको छ । तीन वटा समूहमार्फत एक सय ३० जना विद्यार्थीलाई परिचालन गरी कार्यक्रम सञ्चालन गरिएको छ ।
कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीलाई लक्षित गरी विद्यालयले बाख्रापालन, हाँसपालन, फलफूल, तरकारीखेती तथा खाद्यान्नबालीका लागि समूह विभाजन गरी काम गरिएको कार्यक्रमकी सम्पर्क व्यक्ति एवं विद्यालयकी शिक्षिका टीका खत्रीले जानकारी दिइन् । अहिले यस कार्यक्रममा सहभागी विद्यार्थीले कामका हिसाबले मासिक तीन हजारदेखि ८ हजार रुपैयाँसम्म कमाउने गरेको उनी बताउँछिन् ।
विद्यालयमा कृषि विषय अध्ययन हुँदै आएको हुँदा यहाँका विद्यार्थीलाई कृषितर्फ नै केन्द्रित गराइएको उनको भनाइ छ । उनले भनिन्, ‘विद्यार्थीलाई श्रमप्रति माया जगाउनका लागि यो कार्यक्रम प्रभावकारी बनेको छ ।’
विद्यालयका प्रधानाध्यापक रामबहादुर जिसीले विपन्न वर्गका विद्यार्थीलाई अध्ययनका लागि यो कार्यक्रम प्रभावकारी भएको बताए । उनका अनुसार विद्यालयले उत्पादित सामग्री बिक्री वितरण गरिदिने गरेको छ । तरकारी र खाद्यान्नजस्ता वस्तु स्थानीय बजारमा समेत बिक्री भइरहेको उनको भनाइ छ । उनले भने, ‘यस कार्यक्रममा जोडिएका विद्यार्थी पढाइमा समेत लगनशील बन्न थालेका छन् ।’ जिल्लामा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोटमा परी तीन वटा विद्यालयले पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यस कार्यक्रमका लागि गत दुई आवमा केन्द्रले विद्यालयलाई प्रतिवर्ष १०/१० लाख रुपैयाँका दरले सहयोग गरेको थियो ।

# जङ्गली हात्तीद्वारा बीस बिघाको धानबाली नष्ट



**रासस**
**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–५ गर्जमुनी र खजुवाका २५ बढी परिवारको झण्डै २० बिघा क्षेत्रफलमा लगाइएको धानबाली जङ्गली हात्तीको बथानले नष्ट गरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट छिर्ने हात्तीको बथानले करिब २० बिघामा लगाइएको धानबालीमा क्षति पु¥याएको हो । स्थानीय राजबहादुर तमोली वर्षभरि खानका लागि खेतमा रोपेको धान पाक्नै लागेका बेला जङ्गली हात्तीको बथानले खाएर सखाप पारेपछि चिन्तित भएका छन् ।
एक बिघामा लगाएको धानबाली पूरै जङ्गली हात्तीले सखाप पारेको उनले बताए । ‘बीउ, मलखाद, सिँचाइ, जोताइ र रोपाहा गरी ३० हजार रुपैयाँ बढी खर्च गरेर धान रोपेको थिए’, तमोलीले भने, ‘गए राति आएको हात्तीको बथानले एकैछिनमा पूरै धानबाली स्वाहा बनाएको छ । धानका बाला सबै खाएको छ, परालमात्रै बाँकी छ ।’ पछि खानका लागि धान खरिद गर्नुपर्ने अवस्था सिर्जना भएको उनको भनाइ थियो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट शुक्रबार साँझ ७:०० बजे तिर हात्तीको बथान धानखेतमा छिरेका स्थानीय जया धामीले बताए । उनका अनुसार पछिल्लो तीनदिनयता यसरी जङ्गली शात्ती गाउँ पस्न थालेका छन् । ‘धान पूरै खाएर अघाएपछि उज्यालो हुनुअघिमात्रै हात्तीको बथान फर्कने गरेका छन्’, धामीले भने, ‘खाएर र खुट्टाले कुल्चेर धानबालीमा पूरै क्षति पुगेको छ ।’ हात्तीको बथान होहल्ला गरेर, टिन बजाएर, आगो बालेर र पटाका पड्काएर पनि नभाग्ने गरेको स्थानीय बताउँछन् । ‘खेतमाा पसेको हात्तीको बथान भगाउन रातभरि खेतमै जाग्राम बस्दै आएका छौँ’, जङ्गी साउदले भने, ‘हात्तीको बथान कुनै पनि हालतमा भाग्दैन, पेट भरिएपछि आफैँ निकुञ्जतर्फ लाग्ने गरेका छन् ।’ वडाध्यक्ष चक्रबहादुर खड्काका अनुसार जङ्गली हात्तीले धानबालीमा क्षति पु¥याउन थालेपछि निकुञ्ज कार्यालयलाई नियन्त्रणका लागि आग्रह गरिएको बताए ।
‘हात्तीलगायतका जङ्गली जनावर नियन्त्रणका लागि धेरै पहिलादेखि नै विद्युतीय मेसवायर जडानको माग गर्दै आएका छौँ’, उनले भने, ‘त्यसको सुनवाइ हुनसकेको छैन ।’
नगरपालिकाबाट मेसवायर जडानका लागि बजेटको व्यवस्था हुन नसक्दा प्रदेश र सङ्घ सरकारसँग माग गरिएको वडाध्यक्ष खड्काको भनाइ थियो । यसैबीच शनिबार बिहान सुदूरपश्चिम प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री रमेश धामी र प्रदेशसभा सदस्य ओमविक्रम भाटले छुट्टाछुट्टैरूपमा धानबालीमा जङ्गली हात्तीले क्षति पु¥याएको स्थानको अवलोकन गरेका छन् । मन्त्री धामीसमक्ष स्थानीय बासिन्दाले हात्ती नियन्त्रणका लागि भरपर्दो व्यवस्था मिलाउन माग गरेका छन् । मन्त्री धामीले मन्त्रालयबाट बजेट विनियोजन गरी मेसवायर जडान हुन नसकेका क्षेत्रमा तत्काल कार्य अगाडि बढाइने प्रतिबद्धता व्यक्त गरे ।
निकुञ्ज नजिकैका गर्जमुनि र खजुवा क्षेत्रमा प्रत्येक वर्ष जङ्गली हात्तीले धान, गहुँ, तरकारी लगायतबालीमा क्षति पुऱ्याउँदै आएको छ ।

# मोरक्कोमा शक्तिशाली भूकम्प



**एएफपी**
**मराकेस ।**
मोरक्कोमा भएको शक्तिशाली भूकम्पमा परी हालसम्म आठ सय २० जनाको मृत्यु भएको छ भने छ सय ७२ जना घाइते भएका छन् । गृह मन्त्रालयका अनुसार घाइतेमध्ये दुई सय पाँच जनाको अवस्था गम्भीर छ ।
भूकम्पमा ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल–हौज र ताराउदान्ट प्रान्तका रहेका बताउँदै मन्त्रालयले मराकेस, अगादिर, कासाब्लाङ्का, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि अधिक प्रभावित भएका जनाएको छ ।
शुक्रबार राति ११ः११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पबाट भयभीत मोरक्कोली मध्यरातमा घर छोडेर भागेका थिए । अहिले पनि अधिकांश घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन् । शक्तिशाली भूकम्पपछि साना–साना धेरै धक्का शनिबार पनि महसुस गरिएको मोरक्कका सञ्चार माध्यमले जनाएका छन् । शुक्रबारको भूकम्प देशमा अहिलेसम्मकै सबैभन्दा शक्तिशाली भएको उनीहरूले समाचारमा उल्लेख गरेका छन् ।
भयानक भूकम्प भएको ३३ वर्षीय अब्देलहक एल अमरानीले बताएका छन् । उनले बच्चाहरू रोइरहेको आवाज सुनेका तथा किंकर्तव्यविभूढ अभिभावकहरूलाई देखेको बताएका छन् । दश मिनेटसम्म बिजुली टेलिफोन सेवा बन्द भए पनि पछि सेवा सञ्चालन भएको उनले बताए । सरकारी अधिकारीहरूका अनुसार देशको एक तिहाइ भूभाग भूकम्पबाट प्रभावित भएकाले ज्यान गुमाउने र घाइते हुनेको सङ्ख्या अझै बढ्नसक्ने अनुमान गरिएको छ । भूकम्पले नराम्ररी प्रभावित पर्वतीय क्षेत्रमा रहेका दुर्गम गाउँसम्म निकै कठिनाइ भएको छ । पुराना भवन भएका ती गाउँमा अकल्पनीय विनाश भएको अनुमान गरिएको छ । ती स्थानमा उद्धारकर्ताहरू पुग्न केही दिन लाग्न सक्छ ।
मराकेस, कासाब्लाङ्कालगायत शहरी क्षेत्रका मानिसले सडकमा रात बिताएका छन् । क्षति एवं हताहतीको विस्तृत विवरण प्राप्त भएको छैन । यसैबीच, विश्वका विभिन्न मुलुकका नेताहरूले मोरक्को सरकारप्रति सहानुभूति प्रकट गर्दै सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले मोरक्कोलाई सहयोग गर्ने प्रस्ताव गरेका छन् भने फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले पनि मोरक्कोका भूकम्पपीडित जनता र त्यहाँको सरकारप्रति ऐक्यबद्धता प्रकट गरेका छन् । स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले मोरक्कोमा भएको ‘भयङ्कर’ भूकम्पमा परी छ सयभन्दा बढीको ज्यान गएको खबरले आफू मर्माहत भएको बताउँदै शोक प्रकट गरेका छन् । युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले पनि मोरक्कोलीप्रति ऐक्यबद्धता व्यक्त गर्दै मोरक्को नरेश मोहम्मद छैटौँलाई शोक सन्देश पठाएर समवेदना व्यक्त गरेका छन् ।

# नेइमारले तोडे पेलेको सर्वाधिक गोलको रेकर्ड

**मधेशदृष्टि**
**वीरगंज ।**
ब्राजिलका फुटबल खेलाडी नेइमारले लेजेन्ड पेलेको सर्वाधिक गोलकर्ताको कीर्तिमान तोडेका छन् । शनिबार ब्राजिलले बोलिभियालाई ५–१ को गोल अन्तरले हराउँदा नेइमारले दुई गोल गरेका थिए । ब्रजिलका लागि १२५ औं खेल खेलेका नेइमारले पहिलो हाफमा पेनाल्टी मिस गरेका थिए । तर दोस्रो हाफमा दुई गोल गरे र पेलेको ७७ गोलको रेकर्ड तोडे । ब्राजिलका लागि नेइमारले गरेको गोल संख्या ७९ पुगेको छ ।
‘यो रेकर्डमा पुग्छु भनेर कहिल्यै सोचेको थिइन्’ ३१ वर्षका नेइमारले भने, ‘म पेले वा राष्ट्रिय टिमका अरु खेलाडी भन्दा राम्रो होइन ।’ पेले, जसको गत डिसेम्बरमा ८२ वर्षको उमेरमा निधन भएको थियो, उनले १९५७ देखि १९७१ को अवधिमा ९२ खेलमा ७७ गोल गरेका थिए । नेइमार २०१७ मा बार्सिलोनाबाट २०० मिलियन पाउण्डमा पेरिस सेन्ट जर्मेन जाँदा विश्वकै सबभन्दा महंगा फुटबलर बनेका थिए । उनी हाल साउदी प्रो लिग टिम अल हिलालमा छन् ।

# जी २० सम्मेलनः अफ्रिकी सङ्घलाई स्थायी सदस्यता

# शक्तिशाली राष्ट्र प्रमुख भारतमा

सन् २००२ मा सुरु भएको अफ्रिकी महादेशका ५५ देशको समूह अफ्रिकी सङ्घलाई सङ्घमा आवद्ध देशहरूको अनुरोधमा पूर्ण सदस्यता दिन प्रधानमन्त्री मोदीले प्रस्ताव गरेका थिए ।




**एएनआई**
**नयाँदिल्ली ।**
युरोपेली सङ्घसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तर सरकारी सङ्गठन जी २० मा नयाँ सदस्य थपिएको छ ।
समूहको स्थायी सदस्यका रुपमा अफ्रिकी सङ्घ थपिएको हो । जी २० का अध्यक्ष एवं भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले समूहको शिखर सम्मेलनमा स्वागत मन्तव्य व्यक्त गर्दै अफ्रिकी सङ्घको प्रतिनिधित्व गरिरहेका सङ्घका अध्यक्ष अजाली असुमानीलाई जी २० को स्थायी सदस्यका रूपमा समूहका नेताहरूसँगै आसन ग्रहण गर्न आग्रह गरे ।
‘सबैको स्वीकृतिमा अफ्रिकी सङ्घका प्रमुखलाई जी २० को स्थायी सदस्यको रूपमा आफ्नो स्थानमा बस्न अनुरोध गर्दछु’ प्रधानमन्त्री मोदीले आफ्नो स्वागत मन्तव्यका क्रममा भन् ।
प्रधानमन्त्री मोदीको अनुरोधसँगै विदेश मन्त्री एस जयशङ्करले युनियन अफ कोमोरोसका अध्यक्ष एवं अफ्रिकी सङ्घका अध्यक्ष असुमानीलाई विश्व नेताहरूका स्थानमा लिएर गए । जी २० को सदस्यका रुपमा अफ्रिकी सङ्घलाई समावेश गर्नु भारतको उद्देश्य थियो जुन आज पूरा भएको छ ।
प्रधानमन्त्री मोदीले नै अफ्रिकी सङ्घलाई समूहमाा ल्याउन प्रस्ताव गरेका थिए । ‘हामीले जी २० को कारवाही सुरु गर्नुअघि म मोरक्कोमा भूकम्पका कारण ज्यान गुमाएकाहरूप्रति समूहका तर्फबाट श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु, घाइते सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । यस कठिन घडीमा मोरक्कोलाई हरसम्भव सहयोग गर्न भारत तयार छ,’ प्रधानमन्त्री मोदीले स्वागत मन्तव्य व्यक्त गर्दै भने । प्रधानमन्त्री मोदीले गत जुनमा जी २० का आफ्ना समकक्षीहरूलाई पत्र लेखेर नयाँदिल्ली शिखर सम्मेलनमा अफ्रिकी सङ्घलाई पूर्ण सदस्यता प्रदान गर्न अनुरोध गरेका थिए ।
सन् २००२ मा सुरु भएको अफ्रिकी महादेशका ५५ देशको समूह अफ्रिकी सङ्घलाई सङ्घमा आवद्ध देशहरूको अनुरोधमा पूर्ण सदस्यता दिन प्रधानमन्त्री मोदीले प्रस्ताव गरेका थिए
शक्तिराष्ट्रका नेता आए
जी २० शिखर सम्मेलनस्थलमा शक्तिराष्ट्रका नेताहरु आएका छन् । शनिबार र आइतबार भारतको राजधानी नयाँदिल्लीस्थित प्रगति मैदानमा अयोजना हुने युरोपेली सङ्घसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तर सरकारी सङ्गठन जी २० शिखर सम्मेलनमा भागलिन विश्वका शक्तिराष्ट्रका नेताहरू प्रगति मैदानमा निर्माण गरिएको भारत मण्डपमा आएका छन् ।
आफ्ना जापानी समकक्षी फुमियो किसिदालाई प्रधानमन्त्री मोदीले सम्मेलनस्थलमा स्वागत गरेका थिए । प्रधानमन्त्री मोदीले बेलायतका प्रधानमन्त्री ऋषि सुनकलाई सम्मेलनस्थल मण्डपमा स्वागत गरे । त्यसअघि बेलायती प्रधानमन्त्रीलाई इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थलमा बाह्य मामिलामन्त्री सुब्रमन्यम जयशङ्कर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसहित बाह्य मामिला मन्त्रालयका उच्च अधिकारीहरूले स्वागत गरेका थिए । पन्ध्र वर्षअघिको आर्थिक सङ्कटका बेला विश्वअर्थतन्त्रलाई व्यवस्थापन गर्ने उद्देश्यले उदीयमान अर्थतन्त्रको साझा सङ्गठनका रुपमा स्थापना भएको जी २० को नयाँदिल्ली संस्करणमा सहभागी हुन विभिन्न देशका राष्ट्रपति र प्रधानमन्त्री नयाँदिल्ली आइसकेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेन, अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीज, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विश्व नेता शुक्रबार नै राजधानी आइपुगेका थिए । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान, दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा, दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओल, जर्मन चान्सलर ओलाफ स्कोल्ज, युरोपेली परिषद्का अध्यक्ष चाल्र्स मिशेल, विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयसस र अन्तरराष्ट्रिय श्रम सङ्गठनका महानिर्देशक गिल्बर्ट एफ होङबो पनि जी २० सम्मेलनस्थलमा पुगेका छन् । रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी चिनफिङ अनुपस्थित हुने शिखर सम्मेलनमा कुनै मूलमुद्दामा सहमति जुट्नेमा आशङ्का व्यक्त गरिएको छ ।
शिखर सम्मेलनमा युरोपेली सङ्घका ३० भन्दा बढी राष्ट्र प्रमुख तथा उच्च अधिकारी र आमन्त्रित अतिथि देश र १४ वटा अन्तरराष्ट्रिय सङ्गठनका प्रमुखको सहभागिता रहने बाह्य मामिला मन्त्रालयले जनाएको छ ।
आइतबार सम्पन्न हुने जी २० बैठकमा विश्वका अधिकांश राष्ट्रका एक लाख प्रतिनिधिले भाग लिने बताइएको छ ।
अध्यक्षका रुपमा भारतले वर्षभरिमा जी २० सँग सम्बन्धित दुई सय वटा बैठक देशका विभिन्न ६० शहरमा आयोजना गर्ने घोषणा गरेको छ । जी २० ले अन्तरराष्ट्रिय वित्तीय स्थायित्व, जलवायु परिवर्तनका दुष्प्रभाव न्यूनीकरण र दिगो विकासजस्ता विश्वव्यापी अर्थतन्त्रसँग सम्बन्धित प्रमुख विषयलाई केन्द्रमा राखेको छ ।
जी २० मा अर्जेन्टिना, अस्ट्रेलिया, ब्राजिल, क्यानडा, (युरोपेली सङ्घका सदस्य फ्रान्स, जर्मनी र इटाली) भारत, इण्डोनेशिया, जापान, दक्षिण कोरिया, मेक्सिको, रुस, साउदी अरब, दक्षिण अफ्रिका, टर्कीए, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका सदस्य छन् ।

# 'मानव तस्करी रोक्न सामाजिक सहयोग आवश्यक'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुलुकमा बढदै गएको मानवततस्करीलाई रोक्नका लागि समाजीक सहयोग आवश्यक रहेको धनुषाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) चक्र पाणी पाण्डेले अभिव्यक्ति दिएका छन् ।
समाजिक सँस्था शान्ती पुर्नःस्थापना केन्द्रको आयोजनामा आयोजित अन्तरक्रिया कार्यक्रममा सिडिओ पाण्डेले मानव बेचबिखन रोक्नको लागि प्रशासन मात्र प्रयाप्त नभएको बताउदै मानव बेचबिखन मधेशको लागि मात्र नभई देशकै लागि एक जटिल समस्या भएको बताए । सीमानाकाबाट हुने मानव तस्करी र मानव बेचबिखन रोक्नको लागि सीमामा तैनाथ प्रहरी प्रशासनभन्दा समाजको सूचनाको आधारमा रोक्न सजिलो हुने बताए । उनले विभिन्न प्रलोभनमा पारी मानव बेचबिखनलाई अन्जाम दिने गरेको बताउँदै यसलाई रोक्नको लागि समुदायको सहयोग अपरिहार्य रहेको बताए ।
'समाजिक न्याय र आर्थिक सशक्तिकरण, मानव बेचबिखनको निर्मुलिकरण' मूल नाराको साथ भदौ २० गते १७ औँ मानव बेचबिखन विरुद्धको दिवस मनाएको शान्ती पूर्नःस्थापना केन्द्रका परामर्शदाता निशिथ कुमार कर्णले जानकारी दिए । सो कार्यक्रमको क्रममा सँस्थाकी धनुषा सँयोजक रिना कुमारी झाले सँस्थाको कार्य प्रगति, कार्यशैलीको बारेमा उपस्थिति सरोकारबालाहरुलाई जानकारी गराएकी थिइन् ।

# जनकपुरधाममा गणीनाथ गोविन्द पुजा मनाइयो



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
साहुजी समाजका एक जाती कानुका कुल देवता गणिनाथ गोविन्द महाराजको पुजा जनकपुरधाममा धुमधामका साथ मनाईदैछ । जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ बेला दुधमती किनारको पलवैया स्थित गणिनाथ गोविन्द महाराजको पुजनोत्सव धुमधाम पुर्वक मनाईदैछ । शनिवार बेलबाट वडाध्यक्ष राघवेन्द्र साहको अध्यक्षतामा गणिनाथ गोविन्द महाराजको शोभायात्र निकालिएको थियो । शोभायात्रामा हजारौंको संख्यामा महिला भक्तजनहरुको सहभागीता रहेको थियो । त्यसैगरि जनकपुरधामको स्वर्गद्वारीको वगलमा समेत गणिनाथ गोविन्द महाराजको पुजा धुमधाम पुर्वक मनाईदैछ । पुजाको अवसरमा राजकुमार साहको अध्यक्षतामा सम्मान कार्यक्रमको समेत आयोजना गरिएको थियो । सम्मान कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह,मारवाडी सेवा समितिका अध्यक्ष निर्मल चौधरी,माँ जानकी बस व्यवसायी संघका अध्यक्ष मनोज कुमार चौधरी,जनकपुरधाम उपमहानगरपालिकाका पुर्व वरिष्ठ उपाध्यक्ष जितेन्द्र कुमार साह,व्याहुत कलवार सेवा समितिका अध्यक्ष श्याम साह,वडाध्यक्ष रामचन्द्र पंजियार,लक्ष्मी साह लगायतको उपस्थिती रहेको थियो । सो अवसरमा सांस्कृति कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

# तीन दिवसीय आध्यात्मिक सत्संग जनकपुरधाममा सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको मारवाड़ी सेवा समितिमा अन्तर्राष्ट्रिय क्रान्तिकारी सन्तस्वामी सच्चिदानन्दजी महाराजको प्रवचन सुरु भएको छ ।
तीनदिने प्रवचन कार्यक्रम मधेश प्रदेशका वन तथा यातायातमन्त्री चन्दनसिंह कुशवाहा, जनकपुरधाम उपनगरपालिकाका नगरप्रमुख मनोजकुमार साह र मनरा सिस्वा नगरपालिकाका नगर प्रमुख मोहन पाण्डेले संयुक्त रुपमा उद्घाटन गरे ।
कार्यक्रममा स्वामी सच्चिदानन्दजी महाराजले हिन्दू धर्ममा संकट उत्पन्न भएको बताए ।
क्रिश्चियन मिसनरीले विदेशी एनजिओमार्फत हिन्दूलाई क्रिश्चियन बनाइरहेको बताउँदै उनले भने, 'मुस्लिमहरू पनि लभ जिहाद, रोहिंग्या, बंगलादेशी मुस्लिममार्फत आफ्नो उद्देश्यमा सफल भइरहेका छन्, विश्वको एक मात्र हिन्दू राष्ट्र नेपाल धर्मनिरपेक्ष बनेपछि हिन्दू धर्मलाई संकटमा पार्ने काम भइरहेको छ ।'
स्वामी सच्चिदानन्द जी महाराजले राम नामजप गरेर सनातन धर्म रक्षा गर्न नसकिने र रामको चरित्रलाई जीवन्त बनाउनु पर्ने बताए ।
कार्यक्रममा मटिहानीको संस्कृत उच्चमाध्यमिक विद्यालयका विद्यार्थीलगायतको उपस्थिति थियो । सहभागीलाई मारवाडी सेवा समितिका अध्यक्ष निर्मल चौधरीले स्वागत गरेका थिए ।

# मधेशमा 'एन्टी रेबिज भ्याक्सिन'को अभाव




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा कुकरले टोकेका विरामीलाई लगाउन एन्टी रेविज भ्याक्सीनको चरम अभाव भएको छ ।
प्रादेशिक अस्पताल जनकपुरधाममा एकसातादेखि एन्टी रेविज भ्याक्सिनको अभाव छ । प्रादेशिक अस्पतालमा दैनिक कुकर, स्याल, बिरालो, बाँदर टोकेका सयजनाको हाराहारीमा बिरामी आउने गरेका छन् । तर भ्याक्सिनको अभावमा फर्काउनु परेको अस्पताल प्रशासनको भनाई छ ।
प्रादेशिक अस्पतालका प्रवक्ता डा. रामज्ञान यादवका अनुसार एक व्यक्तिलाई एकसाता भित्र तीन डोज भ्याक्सिन लगाउने गरिन्छ । पछिल्लो समय भ्याक्सिनको खपत अनुसारको आपुर्ति नहुँदा बिरामीलाई फर्काउनु परेको छ । आर्थिक वर्ष २०७९।०८० को हालसम्म ३ हजार १८१ भ्याक्सिन बिरामीलाई लगाइएको उनको भनाई छ । अस्पतालका अकास्मिक शाखा ईन्चार्ज विरेन्द्र मण्डलका अनुसार ५० वटा भ्याक्सिन मात्र संचित हुँदादेखि नै प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र जनकपुरधामबाट माग्ने गरिएको छ ।
तर, निरन्तर नपाएको अस्पतालको उनको गुनासो छ । आपुर्ति केन्द्रमा माग अनुसारको भ्याक्सिन करिब दुई महिनादेखि अभाव छ । जसको कारण मधेश प्रदेशका सरकारी अस्पतालहरुमा भ्याक्सिनका अभाव झेल्नु परेको छ । बिरामी सरकारी अस्पतालबाट फर्किन बाध्य छन् । प्रदेश स्वास्थय आपुर्ति केन्द्रका सुचना अधिकारी रामहृदय यादवका अनुसार दुई महिनादेखि माग अनुसारको भ्याक्सिन संस्थाहरुलाई उपलब्ध गराउन सकिएको छैन, संघ सरकारले न्युन संख्यामा मात्रै भ्याक्सिन उपलब्ध गराउँदा यस्तो परिस्थित आएको उनको भनाई छ । संघ सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वस्थ्य सेवा विभाग अन्तर्गतको स्वास्थ्य आपुर्ति शाखाले देशैभर एन्टी रेविज भ्याक्सिन उपलब्ध गराउने गरेको छ । यसअघि आर्थिक वर्ष २०७७।०७८ मा प्रदेश सरकारले दिएको बजेटबाट भ्याक्सिन खरिद गर्दा पर्याप्त थियो । तर आ.व. २०७८।०७९ देखि भ्याक्सिन खरिद गर्न सरकारले बजेट कट्टा गर्यो । जसको कारण स्वास्थ्य सेवा विभागको भर पर्दा अभाव झेल्नु परेको यादवको भनाई छ ।

# बढ्दो आत्महत्या दर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालमा आत्महत्याको दर बढ्दो रुपमा रहेको प्रहरीको तथ्याङ्कले देखाएको छ । आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको तथ्याङ्क हेर्दा आत्महत्याको दर बढिरहेको देखिन्छ । प्रहरीको तथ्याङ्कमा किशोर अवस्थामा महिला र प्रौढ अवस्थामा पुरुषले बढी आत्महत्या गर्ने गरेको देखिन्छ । २०७५ सालमा पाँच हजार सात सय ८५ जनाले आत्महत्या गरेकोमा २०७६ सालमा ६ हजार २ सय ५२ जनाले आत्महत्या गरेको तथ्याङ्क छ । २०७५ सालमाभन्दा २०७६ सालमा ४ सय ६७ जना बढीले आत्महत्या गरेको देखिन्छ । कोरोना महामारीको बेला २०७७ सालमा अझ बढी ७ हजार १ सय ४१ जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्क छ ।

# नेपालका लागि नेपाली पार्टीको उदघाट्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालका लागि नेपाली पार्टी (नेनेपा) को सिरहा स्थित लहान बजारमा उदघाट्न गरिएको छ ।
शनिबार पार्टीका नेता सुसील चन्द्र अधिकारीले रिवन काट्दै कार्यालयको उदघाटन गरिएको हो । कार्यालय उदघाटन कार्यक्रममा विभिन्न पार्टी परित्याग गर्दै दुई दर्जन भन्दा बढि व्यक्ति नेपालका लागि नेपाली पार्टीमा प्रवेस गरेको छ ।
कार्यक्रममा पार्टीका राष्ट्रिय अध्यक्ष सन्तोषाजी महाराजले नेपालका लागि नेपाली पार्टी राष्ट्रियता, सनातन धर्म,गौ हत्या,धर्म परिवर्तन, साधुसन्तमाथि आक्रमण, नेपालबाद, भ्रष्टाचार र राष्टघाटी सम्झौताको बारेमा नेपालीलाई सचेत गराउनु उदेश्य रहेको बताए । पार्टीका सिरहा संयोजक प्रथमलाल साहको सभापतित्वमा भएको कार्यक्रममा पार्टीका राष्टिय उपाध्यक्ष पिंकी महासेठ,केन्द्रिय सदस्य श्रवण यादव,राजकुमार साह,मधेश प्रदेशका अध्यक्ष सत्रुधन साह सहितको उपस्थिती रहेको थियो ।

# सरकारी गाडी दुरुपयोग रोक्न युवा संघको पहल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा भइरहेको सरकारी गाडीको दुरुपयोग रोक्न नेकपा एमाले निकट राष्ट्रिय यूवा संघ नेपाल, धनुषाले अभियान थालेको छ ।
अभियानको क्रममा यूवा संघले शनिवार विदाको दिन जनकपुरधामबाट दुई चारपाङ्ग्रे र ९ मोटरसाइकल सहित ११ सरकारी नम्बर प्लेटको गाडी नियन्त्रणमा लिएको हो ।
विदाको सरकारी गाडी चलाउनका लागि प्रमुख जिल्ला अधिकारीसंग अनुमती लिनुपर्ने कानुन रहदापनि त्यसको पालना नगरि दुरुपयोग बढदै गएपछि यूवा संघका यूवाहरुले त्यसलाई रोक्न सडकमा उत्रेका छन् ।
यूवा संघका मधेश प्रदेश अध्यक्ष लव अधिकारीले दुरुपयोग गर्ने क्रममा नियन्त्रणमा लिएको ११ सरकारी गाडी आवश्यक कारबाहीका लागि ट्राफिक प्रहरीलाई बुझाएको जानकारी दिए ।

# 'राजेश्वर नेपाली प्रेरणाको स्रोत'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी राजेश्वर नेपाली पत्रकारिताका लागि प्रेरणाको स्रोत रहेको एक कार्यक्रममा वक्ताहरुले बताएका छन् ।
वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी राजेश्वर नेपाली को १३ औँ पुण्य तिथिको अवसरमा नेपाल पत्रकार महासङ्घ धनुषाले शनिवार आयोजना गरेको श्रद्धाञ्जली सभामा सहभागी पत्रकारहरूले प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार स्वर्गीय नेपालीको नेपाली पत्रकारिता क्षेत्रमा रहेको योगदानको चर्चा गरे । सहभागी पत्रकारहरूले स्वर्गीय वरिष्ठ पत्रकार नेपाली नेपाली पत्रकारिता क्षेत्रका लागि सधैँ प्रेरणाको श्रोत रहने बताउँदै लोकतान्त्रिक आन्दोलन तथा साहित्यको क्षेत्रमा उहाँले गर्नुभएको योगदान चीर कालसम्म स्मरणीय रहिरहने उल्लेख गरे ।
वरिष्ठ पत्रकार वि एम खनालले प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार स्वर्गीय राजेश्वर नेपालीले प्रजातन्त्रका लागि मिसन पत्रकारिताको सुरुआत गरेर अन्तिम समयमा पनि निरन्तरता दिनु सबै पत्रकारहरूका लागि प्रेरणायोग्य भएको बताए ।
कार्यक्रमका सभापति तथा नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष मनिका झाले नेपालको पत्रकारिता क्षेत्रमा नेपालीको अभाव सधैँ खड्किरहने बताए ।

# एन प्याब्सनको नगर अध्यक्षमा ठाकुर




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शिक्षासंग सम्बद्ध एन प्याब्सन जनकपुरधामको नगर अध्यक्षमा दिपक ठाकुर निर्विरोध निर्वाचित भएका छन् ।
नव कार्यसमितिको निर्वाचनका लागि शुक्रबार दिउँसो ४:३० बजे सम्मका लागि उम्मेद्वारी दर्ता गर्ने समय तोकिएकोमा ठाकुरको नगर अध्यक्ष पदमा एकल उम्मेद्वारी परेकाले अध्यक्ष पदमा उनी निर्बिरोध निर्वाचित भएका हुन् ।
नव कार्यसमितीको उपाध्यक्षमा शिवशंकर मिश्र, सचिवमा गौरी शंकर यादव, कोषाध्यक्षमा अर्चना झा चयन भएका छन् । यस्तै सदस्यहरुमा रबिशंकर बिक्षा, बिनोद दास र मनोज मौवार लगायतका रहेका छन् ।
नवनिर्वाचित अध्यक्ष ठाकुर नीजि विद्यालयको हकहितका लागि यसभित्रका बेथितीहरुलाई सुधार गरि संगठनप्रतिको विश्वास बलियो बनाउने आफनो पहिलो प्राथमिकतामा रहने बताए ।
उनले भने,'नयाँ बिद्यार्थी भर्ना गर्दा इमिस सहितको टिसीलिई मात्र भर्ना गर्ने बाताबरण बनाउने, बिद्यालय बर्गीकरण गरी शुल्क निर्धारण गर्न स्थानिय पालिकासँग समन्वय गर्ने, निजी बिद्यालयको लगानी सुरक्षित गर्न जोडदार पहल गर्ने, सामुदायिक बिद्यालयमा नामाँकन भएका कुनै पनि बिद्यार्थीलाई संस्थागत बिद्यालयले पढाउन नपाउने ब्यवस्था गराउने, शैक्षिक क्याल्णेडरलाई कडाईका साथ लागु गर्ने, बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप गरी बिद्यार्थीहरुको गणस्तरीयतामा बृद्धि गर्ने, निजी बिद्यालयको शिक्षकहरुको गुणस्तर बढाउन प्रशिक्षणको ब्यबस्था गर्ने, संगठनलाई सुदृढ गरी गुमेको शाख फर्काउने जस्ता कुरा आफ्नो प्राथमिकतामा रहनेछ ।'

# दर खाने तथा तीजको शुभकामना कार्यक्रम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दू नारीको महान चाड हरितालिका तीजको अवसरमा ढल्केवरकि उद्यमी महिलाहरुले शुभकामना आदान प्रदान तथा दर खाने कार्यक्रम गरेको छ ।
शनिबार ढल्केवरमा स्थानीय उद्यमी महिलाले तीजको अवसरमा शुभकमना आदान प्रदान तथा दर खाने कार्यक्रम गरेको हो । तयारी पोशाक, ब्यूटीपार्लर र सिलाइ कटाइलगायत उद्योग व्यवसायमा संलग्न ढल्केवरका उद्यमी महिलाको संयुक्त आयोजनामा तीजको शुभकमाना आदान प्रदान तथा दर खाने कार्यक्रमको आयोजना गरिएको छ ।
मिथिला उद्योग बाणिज्य संघ ढल्केवरका महिला सदस्य कौशिल्या कुमारी महतोले दीप प्रज्वलन गरेर उदघाटन गरिएको कार्यक्रममा उद्यमी महिलाबीच सम्बन्धलाई सुमधुर र अझ प्रगाढ बनाउन पनि यो कार्यक्रमको आयोजना गरिएको उनीहरुको भनाई थियो ।

# व्यवस्थापन समिति अनैतिक भन्दै मेयरको आलोचना

मेयर जैसवालको निर्देशनमा गठन भएको अवैधानिक व्यवस्थापन समिति बैठक नगराउन तथा कुनै निर्णय नगराउन नमूना मावि कटहरियामा समेत लिखित निवेदन दर्ता गराएको छु : **वडा अध्यक्ष चन्दन कुशवाहा**



**सञ्जय मिश्रा**
**रौतहट ।**
कटहरियास्थित नमूना माध्यामिक विद्यालय व्यवस्थापन समिति अनैतिक तवरले गठन भएको भन्दै बिरोध सुरू भएको छ । मेयर अजयप्रकाश जयसवालले राजनीतिक स्वार्थ पूर्तिका लागि अवैधानिक तरिकाले व्यवस्थापन समिति गठन गरेको भन्दै बिरोध सुरू भएको हो ।

कटहरिया नगरपालिका–४ का अध्यक्ष चन्दन कुशवाहाले विद्यालय ब्यवस्थान समिति गठनप्रति खुलेरै बिरोध सुरू गरेका छन् । वडा अध्यक्ष कुशवाहाले विद्यालय व्यवस्थापन समिति कुन प्रक्रियाले गठन भएको हो भन्नेबारे जानकारीका लागि नगरपालिकाको कार्यालयमा बिहीबार लिखित निवेदन दर्ता गराएका छन् । साथै मेयर जैसवालको निर्देशनमा गठन भएको अवैधानिक व्यवस्थापन समिति बैठक नगराउन तथा कुनै निर्णय नगराउन नमूना मावि कटहरियामा समेत लिखित निवेदन दर्ता गराएको वडा अध्यक्ष कुशवाहाले जानकारी दिए । त्यतिमात्र नभई कुशवाहाले विद्यालय व्यवस्थापन समिति गठनबारे सामाजिक सञ्जालमा पनि बिरोध सुरू गरेका छन् । वडा अध्यक्ष कुशवाहाले आफ्नो आधिकारिक सामाजिक सञ्जालमा लेखका छन, 'पहिचान दिलाउने एक गौरवशाली इतिहास बोकेको जनता नमूना माध्यमिक विद्यालय कटहरियामा अनैतिक, अव्यावहारिक र अमर्यादित ढङ्गले विद्यालय व्यवस्थापन समिति मनोनीत गरेर अराजकता फैलाउने सोच बनाएका अपरिपक्व मेयर अजयप्रकाश जैसवालको कदमलाई घोर भ्रत्सर्ना गर्दछु । अभिभावक नै नरहेको व्यक्तिलाई अध्यक्ष बनाएर सम्पूर्ण आदरणीय अभिभावकको मजाक उडाएकाले शिक्षाप्रेमी, सामाजिक अभियान्ता, युवा तथा अभिभावकले यस्तो कार्यको घोर भ्रत्सर्ना गर्न ध्यानाकर्षण गराउन चाहन्छु ।' मेयर जयसवालले केहीदिन अघि मात्र कटहरिया–५ का नसरुदिन अन्सारीलाई नमूना माविको अध्यक्षमा मनोनीत गरेका थिए । कटहरिया नगरपालिकामा केही दिनअघि शिक्षा समितिलगायत केही शिक्षकको भेला गराई समितिका अध्यक्ष अन्सारीको स्वागतसमेत गरेका थिए । मेयरले अध्यक्षमा मनोनीत गरेलगत्तै अन्सारीले आफ्ना नजिकका केही अशिक्षित मानिसलाई समिति सदस्य मनोनीत गरेको सार्वजनिक गरेका थिए । मेयर जयसवालले मनपरी तरिकाले पछिल्लो समय नमूना मावि कटहरियाको विद्यालय व्यवस्थापन समिति बनाएपछि कटहरियाका शिक्षाप्रेमी तथा जानकारहरुले आलोचना गरेका छन् ।



**धार्मिक सद्भाव पदयात्राः** गौ रक्षाका लागि शनिबार चितवनको नारायणगढमा निकालिएको धार्मिक सद्भाव पदयात्रामा सहभागी देवघाटधामका विभिन्न आश्रमका धार्मिक गुरु । तस्बिरः कृष्ण आचार्य

# तीन पदाधिकारीबाट चल्दैछ जसपा



**मधेशदृष्टि**
**वीरगंज ।**
समाजवादी मोर्चाको एक घटक जनता समाजवादी पार्टी तीन पदाधिकारीका भरमा सञ्चालन भइरहेको छ ।

अध्यक्ष, संघीय परिषद् अध्यक्ष र प्रवक्ताबाहेक पार्टीले पदाधिकारी चयन गर्न बाँकी रहेकोले यस्तो भएको हो ।

पार्टीको अन्तरिम विधानमा संघीय परिषद् एक अध्यक्ष, केन्द्रीय समिति अध्यक्ष २, आवश्यकता अनुसार वरिष्ठ नेता, सहअध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव, कोषाध्यक्ष र सहकोषाध्यक्षको व्यवस्था गरिएको छ ।

तर, संघीय परिषद् अध्यक्ष, केन्द्रीय समिति अध्यक्षबाहेक अरू कुनै पदाधिकारी चयन भएको छैन ।

पार्टीका प्रवक्ता मनिष सुमनले विधान अधिवेशनबाट पार्टीको नयाँ विधान बनेकाले पदाधिकारी चयन हुने क्रममा रहेको बताए । अध्यक्ष–१, सहअध्यक्ष–१, उपाध्यक्ष–३, महासचिव–१, उपमहासचिव–३, सचिव–७ र कोषाध्यक्ष–१ जना पदाधिकारीको व्यवस्था नयाँ विधानमा गरिएको छ । नयाँ विधानमा एक अध्यक्ष र अरू बाँकी सबै सदस्य छन् ।

# तिङ्करमा सशस्त्र प्रहरी पोष्ट स्थापना



**रासस**
**दार्चुला ।**
चीनको स्वशासित क्षेत्र तिब्बत नजिक दार्चुलाको तिङ्करमा सशस्त्र प्रहरी बल नेपालको बोर्डर आउट पोष्ट (बिओपी) स्थापना गरिएको छ । व्यास गाउँपालिका–१ तिङ्करमा स्थापना गरिएको पोष्टको शुक्रबार सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक (एआइजी) वंशीराज दाहाल र दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीले संयुक्त रूपमा उद्घाटन गरे ।

पोष्ट स्थापनाका लागि एआइजी दाहाल र प्रमुख जिल्ला अधिकारी जोशी नेतृत्वको टोली भारतको बाटो हुँदै तिङ्कर पुगेको थियो । तिङ्करको छयालेकमा स्थापना गरिएको पोष्टमा सशस्त्र प्रहरी निरीक्षक जनक पौडेलको नेतृत्वमा २० जनाको टोली सुरक्षार्थ खटिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४४ गण दार्चुलाका सशस्त्र प्रहरी उपरीक्षक डम्बरबहादुर विष्टले जानकारी दिए ।

विशेषगरी चीन सीमा नजिक क्षेत्रबाट सीमामा हुने अपराध नियन्त्रण, लागुऔषध ओसारपसारलगायत गतिविधि नियन्त्रण गर्न तथा सीमा क्षेत्रको निगरानीका लागि पोष्ट स्थापना गरिएको सशस्त्र प्रहरी उपरीक्षक विष्टले बताए । दार्चुलाको उत्तरी क्षेत्र व्यासमा सशस्त्र प्रहरीको एउटा गुल्मसहित चार पोष्ट स्थापना भएका छन् ।

# समाजवादी मोर्चाको सन्देश सभा आइतबार हेटौँडामा




**मधेशदृष्टि**
**हेटौँडा ।**
समाजवादी मोर्चाले हेटौँडामा आइतबार बागमती प्रदेशस्तरीय सन्देश सभा गर्ने भएको छ । शनिबार पत्रकार सम्मेलनमार्फत समाजवादी मोर्चामा आबद्ध दलहरूले सन्देश सभाबारे जानकारी गराए ।

सातै प्रदेशमा सन्देश सभा कार्यक्रम तय भएको र बागमती प्रदेशको हेटौँडामा सभा हुने नेकपा एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य तथा बागमती प्रदेश अध्यक्ष सावित्रा भुसालले जानकारी दिइन् । आइतबार नै समाजवादी मोर्चाको बागमती प्रदेश कमिटी घोषणा गर्नेसमेत तयारी छ । सन्देश सभामा प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव, नेकपाका महासचिव नेत्रविक्रम चन्दलगायतले समाजवादी मोर्चाको अवधारणाबारे कार्यकर्तालाई प्रशिक्षण दिने कार्यक्रम रहेको प्रदेश अध्यक्ष भुसालले बताइन् ।

# अमेरिका बसेर मानव तस्करी !



**रासस**
**काठमाडौँ ।**
पश्चिम नेपालको रुकुम घर भई हाल अमेरिकी नागरिकता लिएका एक व्यक्तिले विभिन्न मुलुकमा एजेन्ट परिचालन गरी नेपालीलाई बेचबिखन गरेको पाइएको छ । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले गरेको अनुसन्धानमा त्यसरी तस्करीका मुख्य योजनाकार (नाइके) अमेरिकाको टेक्सास बस्ने अमेरिकी नागरिक ५२ वर्षीय हस्त गौतमले अहिलेसम्म दुई सय जनालाई अमेरिका पठाइसकेका खुलेको छ । अमेरिका पठाउने क्रममा गौतमले दुई करोड रुपैयाँभन्दा बढी ठगी गरेको पाइएको ब्युरोका प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर विष्टले जानकारी दिए । उनको सुरुआती घर भने पश्चिम नेपालको रूकुमस्थित सिस्ने गाउँपालिकाको नाथीगाड हो । गौतमका सहयोगी कमल तामाङसहितका तीन जनाविरुद्ध भने यसअघि नै पाँच मुद्दा दर्ता गरी ब्युरोले अनुसन्धान थालिसकेको छ । उनले आफ्नो आधार क्षेत्र मेक्सिको बनाई पाँच जना एजेन्टलाई नेपालसहित युनाइटेड अरब इमिरेट्स (युएई), सिङ्गापुर, फिलिपिन्स, थाइल्याण्ड, श्रीलङ्का, कोलम्बिया, ल्याटिन अमेरिकालगायत क्षेत्रमा परिचालन गरी मानव तस्करी गर्ने गरेको पाइएको छ । उनीहरूबाट पीडित बनेका चार जनाको उद्धार गरिएको छ भने अझै दुई जनाको उद्धार गर्न बाँकी रहेको प्रहरी नायब उपरीक्षक विष्टले बताए । 'बाँकी १३ नेपालीलाई विभिन्न देश पठाउने भनी अलपत्र पारेको उजुरी परेको छ,' उनले भने । उनले अमेरिका पठाउने भनी भ्रमण राहदानीको समेत दुरुपयोग गरेको पाइएको छ । गौतमले नेपाली नागरिकलाई विभिन्न देशमा पुर्याई राहदानी, मोबाइलसमेत जफत गरी ठूलो मात्रामा पैसा माग गर्ने गरेका थिए । एजेन्टले भने जति पैसा नदिए शारीरिक तथा मानसिक यातना दिने, थप पैसा माग्ने, विदेशमा रहेका एजेन्टलाई बेचबिखन गर्ने, बुझाउनेजस्ता क्रियाकलाप गरी नेपाली नागरिकलाई अलपत्र पार्ने गरेको पाइएको छ । गौतममाथि मानव बेचबिखन, ओसारपसार तथा सङ्गठित अपराध मुद्दामा अदालतबाट सात दिनको म्याद लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बस दुर्घटनामा सातको मृत्यु



**मधेशदृष्टि**
**नेपालगञ्ज ।**
बाँकेको राप्तीसोनारी गाउँपालिका–८ शमशेरगञ्जमा भएको बस दुर्घटनामा सात जनाको मृत्यु भएको छ । दुर्घटनामा २९ जना घाइते भएका छन् । तीमध्ये दुईको अवस्था गम्भीर छ ।

बर्दियाको ठाकुरबाबा नगरपालिका–९ का ५० वर्षीय काशीराम थारु, ५५ वर्षीया कस्तुरी थापा, ५० वर्षीया रुपा परियार, करिब ४० वर्षीया जयन्ती थारु, वडा नम्बर ७ का ६५ वर्षीय चानुराम थारु, वडा नम्बर ८ का ४५ वर्षीय जुगबहादुर चन्द र नामथर वतन नखुलेका गाडीस्टाफ ३५ वर्षीय पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ ।

पूर्वपश्चिम लोकमार्गको सडक किनारमा बिग्रेर रोकेको ना८ख ६४०५ नम्बरको ट्रकमा पूर्वबाट पश्चिमतर्फ आइरहेको ना ७ ख २३२१ नम्बरको बस ठोकिन गई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक नारायण डाँगीले जानकारी दिए ।

बसमा दाङको धारापानी भ्रमणबाट फर्किएका ४१ जना सवार थिए ।

बस बेतहनी सामुदायिक वन उपभोक्ता समिति ठाकुरबाबा, बर्दियाको रहेको बताइएको छ । घाइते २९ को नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# जिराको मूल्य १२७% वृद्धि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चाडबाडमा मसलाका रुपमा अत्यधिक खपत हुने जिराको मूल्य दशैँको मुखमा दोब्बर भन्दा बढी भएको छ । जिराको मूल्य गतवर्ष यही बेलाका तुलनामा १ सय २७ प्रतिशतले बढेको हो । २०७९ माघ १ गते जिरा प्रतिकिलो मूल्य ५ सय ५० रुपैयाँ थियो । नेपाल खुद्रा व्यापार संघकाअनुसार यो मूल्य त्यसयताको ७ महिनामा ३ पटक बढेर १ हजार २ सय ५० रुपैयाँ पुगेको छ । २०७९ चैतमा प्रतिकिलो ७ सय रुपैयाँ रहेको जिराको मूल्य वैशाखमा ८ सय ५० रुपैयाँ पुगेको थियो । अहिले होलसेलमा जिराको बिक्री मूल्य १ हजार २ सयदेखि १ हजार २ सय २५ रुपैयाँ प्रतिकिलो रहेको व्यवसायीहरु बताउँछन् । भदौ महिनाका लागि नेपाल खुद्रा व्यापार संघले जिराको थोक मूल्य १ हजार २ सय ५० रुपैयाँ तोकेको छ ।

श्री विश्वकर्मा पुजा २०८० को शुभ अवसरमा

S S Product

माधो एग्रो
धान थ्रेसर



प्रत्येक थ्रेसरको खरिदमा एक थान ब्रह्मपुरीको लेबलर फ्रि



फ्रि* लेबलर

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,४०,०००।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

*शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०२१०२०

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन